जनताको आवश्यकता सम्बोधननै... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २४ •अंक ३०४ • २०७८ साल चैत्र १७ गते बिहीबार (31 March, Thursday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-



## सरकारमा सहभागी हुन देउवा र ठाकुरबीच वार्ता

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल गरेका छन् ।

सरकारमा लोसपाको सहभागिताको विषयमा ठाकुरले देउवासँग छलफल गरेका छन् । यही विषयमा केन्द्रित पार्टीको कार्यकारिणी समितिको बैठक पश्चात ठाकुरले बुधबार साँझ प्रधानमन्त्री देउवासँग वार्ता गरेको पार्टी स्रोतले जनाएको छ ।


स्थानीय तहको चुनाव अघि नै लोसपालाई सरकारमा ल्याउने प्रधानमन्त्री देउवाको तयारी रहेको छ । त्यसै विषयमा उनले लोसपाका अध्यक्ष ठाकुरसँग नियमित छलफलमा गरिरहेका छन् । छलफलमा लोसपाका अध्यक्ष ठाकुरले सरकारमा जानका लागि माहोल बनाउन कुनै न कुनै रुपमा मधेशको मुद्दा सम्बोधन गर्न सर्त अघि सारेका छन् ।

आन्दोलनका क्रममा मुद्दा लागेकाहरूको मुद्दा फिर्ता तथा थुनामा रहेकाहरुको रिहा एवं संविधान संशोधनका लागि कार्यदल गठन गर्न अध्यक्ष ठाकुरले प्रधानमन्त्री देउवालाई आग्रह गरेका छन् । आफूहरुले उठाउँदै आएको माग पूरा गर्ने प्रकृया सुरु गरे मात्र आफूहरुलाई सरकारमा सहभागी हुन सजिलो हुने भन्दै अध्यक्ष ठाकुरले त्यो माहोल तयार गर्न आग्रह गरेको स्रोतले जनाएको छ ।

लोसपाले चारवटा मन्त्रालय माग गरेको छ । तर प्रधानमन्त्री देउवाले दुईटा मन्त्रालय दिन मात्र तयार भएका छन् । प्रधानमन्त्री देउवासँग दुईटा मन्त्रालय खाली पनि छन् । तर लोसपालाई सरकारमा ल्याइरहेको विषयमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र जसपाका अध्यक्ष उपेन्द्र यादव सन्तुष्ट देखिएका छैनन् ।

तैपनि प्रधानमन्त्री देउवाले आफ्नो बाध्यता देखाउँदै लोसपालाई सरकारमा ल्याउन हतार गरिरहेका छन् । सकारात्मक माहोल बने प्रधानमन्त्री देउवाले भारत भ्रमणमा जानुअघि पनि लोसपाका मन्त्रीहरुलाई शपथ खुवाउन सक्नेसम्मको तयारी भइरहेको छ ।

कार्यकारिणी समितिको बुधबारको बैठकमा पार्टीको विधानको बारेमा छलफल भएको छ । पार्टीका विधान अध्ययनका लागि कार्यकारिणी समितिका सदस्यहरुलाई वितरण गरिएको कार्यकारिणी समिति सदस्य जितेन्द्र सोनलले जानकारी दिएका छन् । उनले बुधवारको बैठकमा स्थानीय तहको निर्वाचन, संगठन सुदृढिकरण र सरकारमाको बिषयमा बैठक केन्द्रित रहेको जानकारी दिए । उनले सरकारको बिषयमा बिहीबारको बैठकमा छलफल हुने जानकारी दिए । तर, अध्यक्ष ठाकुर भने बुधवारनै प्रधानमन्त्री संग छलफल गरेका छन् ।





## ग्यास उद्योगी आन्दोलनमा, ग्यासको अभाव हुने

**संजीवकुमार झा**

जनकपुरधाम । नेपालका ग्यास उद्योगीहरु आन्दोलनमा उत्रेका छन् ।

ग्यास उद्योगी र सरकारबीच कमिसनको कुरा नमिल्दा उद्योगीहरु आन्दोलनमा उत्रेका हुन् । पेट्रोलियम पदार्थको मूल्य बढे पनि सरकारले आफूहरुको कमिसन नबढाएको भन्दै उद्योगीहरु आन्दोलित भएका छन् ।

ग्यास उद्योगीहरुले पेट्रोलियम पदार्थको मूल्य ८७ रुपैयादेखि १३५ रुपैयाँ भए पनि आफूहरुको कमिसन नबढाएको उनीहरुको गुनासो छ ।

सरकारले एउटा सिलिण्डरमा कम्पनीलाई ३५ रुपैयाँ कमिसन दिँदै आएको थियो । तर, अहिले पेट्रोलियम पदार्थको मूल्य बढ्दा सो कमिसन भन्दा बढी आफूहरुलाई ढुवानी नै पर्ने गरेकाकारण यथास्थितिमा काम गर्ने अवस्था नरहेको उद्योगीहरुको ठम्याइ छ ।

उद्योगीहरुले सरकारले तोकेको कमिसनले उद्योग चल्न सक्ने अवस्था नरहेको तथा कमिसनभन्दा बढी खर्च नै रहेकाकारण कमिसनको दायरा बढाउनुपर्ने माग अघि सारेका छन् ।

नेपाल आयल निगमलाई चैत ६ गते नै कमिसन बढाउनुपर्ने मागसहित आन्दोलनको चेतावनी दिए पनि मंगलबारसम्म मागप्रति सुनवाइ नगरेको भन्दै उद्योगीहरुले बुधवारदेखि ग्यास वितरण कार्य बन्द गरेका छन् ।

नेपालमा मासिक ४५ हजार मेट्रिक टन ग्यास करिब डेढ करोड उपभोक्ताले प्रयोग गर्दै आएको छ । उद्योगहरुले ग्यास भारतवाट आयात बन्द गरेपछि त्यसको प्रत्यक्ष असर भने आम उपभोक्तामा नै पर्ने भएको छ । उद्योगी र सरकारबीच बार्ता हुँदा पनि त्यो असफल नै भएको छ । सरकारले उद्योगीहरुको कमिसन बढायो भने ग्यासको मूल्य बढाउनुपर्ने भएकाले अहिलेको मूल्य जनताकोलागि धेरै रहेको भन्दै तत्कालका लागि कार्य सूचारु गर्न उद्योगीहरुलाई आग्रह गरेको छ । तर, उद्योगीहरु यथास्थितिमा उद्योग बन्द नै गर्नु बेस रहेको भन्दै धनुषाको नकटाझिझमा रहेको नोबेल ग्यास उद्योगले ग्यासको बिक्री वितरण कार्य बुधवारदेखि बन्द गरेको छ ।

> **नेपाल आयल निगमलाई चैत ६ गते नै कमिसन बढाउनुपर्ने मागसहित आन्दोलनको चेतावनी दिए पनि मंगलबारसम्म मागप्रति सुनवाइ नगरेको भन्दै उद्योगीहरुले बुधवारदेखि ग्यास वितरण कार्य बन्द गरेका छन् ।**

नेपालका ग्यास उद्योगहरुले प्रोसेसिङ्ग डेलेभरी अर्डर (टीडीओ) ६ गतेदेखि नै बन्द गरिसकेको छ । ग्यास उद्योगहरुले भारतवाट ग्यास ल्याउनका लागि नेपाल आयल निगममा टीडीओ भरेपछि भारतवाट ग्यास ल्याउने गरेका छन् ।

उद्योगहरु आफ्नो बुलेट भारत पठाएर त्यहाँवाट ग्यास समेत मगाउने गरेको छ । नेपालवाट बुलेट भारत पठाउने र त्यहाँवाट नेपाल ल्याउँदा मूल्य बढी पर्ने गरेको बताइन्छ । सरकारले पेट्रोलियम पदार्थको मूल्य बढाएपछि त्यसको प्रत्यक्ष असर भने ढुवानीमा परेको उद्योगीहरुको भनाई छ । अहिले नेपालमा १३५ रुपैयाँमा प्रतिलिटर डिजल पाउने गरेको छ । उद्योगीहरुले ८७ रुपैयाँ प्रतिलिटर डिजेल भेटाउँदा ३५ रुपैयाँ कमिसन थियो हामी सक्यौ र काम गर्‍यौं तर, अहिले १३५ रुपैयाँ भएको छ तर, कमिसन ३५ रुपैयाँ मात्रले हाम्रो ढाड सेक्ने काम भएको उद्योगीहरुको गुनासो छ ।


धनुषाको नकटाझिझमा रहेको नोबेल ग्यासका म्यानेजर मनोज श्रेष्ठले कम्पनी ग्यास बिक्री वितरण गर्न असमर्थ रहेको भन्दै आफूहरुले बुधवारवाट सम्पूर्ण कार्य बन्द गरेको जानकारी दिए ।

ग्यास बिक्री वितरण बन्द भएपछि जनकपुरधाम लगायत देशभरनै ग्यासको कालोबजारी हुन सक्ने अनुमान गरिए पनि कम्पनीहरुले आफूहरुको समस्यालाई उपभोक्ताहरुले बुझिदिन आग्रह गरेका छन् ।

कम्पनीहरुले जनतालाई सरकारले सहुलियत दरमा ल्याएको ग्यास व्यवसायीहरुले प्रयोग गर्ने गरेका कारण पनि उद्योगहरुलाई समस्या हुने गरेको बताइन्छ । उद्योगीहरुले आम उपभोक्ताका लागि एक र उद्योगीहरुका लागि अर्को सिलिण्डर प्रदान गर्नुपर्ने प्रावधान ल्याउनुपर्ने निगम समक्ष प्रस्तावसमेत प्रस्तुत गरेको छ ।

यस भन्दा पहिला पनि दुई प्रकारको सिलिण्डरको प्रावधान ल्याइएको थियो तर, त्यो सफल हुन सकेको थिएन् । सरकारले निलो र रातो गरी दुई प्रकारको सिलिण्डरको प्रावधान ल्याएको थियो । जसमा निलो व्यवसायीहरुकोलागि र रातो आम उपभोक्ताका लागि थियो ।

व्यवसायीहरुले रातो सिलिण्डर प्रयोग गरेपछि सरकारलाई तिर्ने कर पनि छली गरेको र त्यसको प्रत्यक्ष प्रभाव उद्योगीहरुमाथि पर्ने गरेको छ ।






# स्थापना दिवसमा प्रभातफेरी




**टुडे समाचारदाता**

राजविराज। ६७ औं स्थापना दिवसको अवसरमा नेपाल पत्रकार महासंघ सप्तरीले प्रभातफेरी तथा रक्तदान कार्यक्रमको आयोजना गरेको छ। सदरमुकाम राजविराजमा बुधवार जिल्लाभरिका पत्रकारको सहभागितामाप्रभातफेरीकोआयोजना गरिएको थियो । राजविराजमा रहेको शाखाको कार्यालयको प्रांगणबाट सुरु भएको र्‍याली नगर क्षेत्रको विभिन्न भागको परिक्रमा गर्दै कोणसभामा परिक्रमा गरेको थियो ।

प्रभातफेरी पश्चात गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा रहेको रेडक्रस सोसाईटी शाखाद्वारा संचालित रक्त संचारसेवा केन्द्रमा रक्तदान कार्यक्रमको आयोजनासमेत गरिएकोथियो। संचारकर्मी, प्रहरीका उच्च अधिकारीहरुले रक्तदान गरेको सभापति श्रवण देवले जानकरी दिए ।

# महिलाहरुको समानुपातिक सहभागिताबारे छलफल

**टुडे समाचारदाता**

गौर । महिलाहरु अझै पनि पुरुष सरह राजनीतिमा समान अवसर पाउन नसकेको गुनासो एक कार्यक्रमका वक्ताहरुले गरेका छन् ।

रौतहटको गौरमा बुधबार आयोजित आगामी स्थानीय तहको निर्वाचनमा महिलाको समानुपातिक सहभागितामा संचारकर्मीहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले सो गुनासो गरेका हुन् ।

कार्यक्रमका संयोजक दिपेन्द्र कुमार ठाकुरले महिलाहरु अझै पनि पुरुष भैंं निर्णायत्मक अवस्थामा पुग्न नसकेको बताए । राजनीतिक दलहरुको गैरजिम्मेवारपन रवैयाका कारण संविधानमै प्राप्त अधिकारबाट समेत महिलाहरु वञ्चितीकरणमा परेको गुनासो उनले पोखे ।

महिलाहरुलाई विभिन्न क्षेत्रमा समानुपातिक रुपमा सहभागिता गराउने उदेश्यले शी लिड्स कार्यक्रम मधेश प्रदेशको पाँच वटा जिल्लामा लागु गरिएको जानकारी दिँदै उनले भने,'हर क्षेत्रमा सक्षम रहेको महिलाहरुको राजनीतिमा न्यून उपस्थितिले परिवर्तनको अनुभूति हुन सकेको छैन। यस प्रति राजनीतिक दलहरु गंभीर हुनै पर्छ ।'

अन्तरक्रिया कार्यक्रममा सहभागी भएका पत्रकारहरुलाई बरिष्ठ पत्रकार चन्द्रकिशोर झाले सहजीकरण गर्दै महिलाहरुलाई निर्णायक तहमा नपुर्‍याए सम्म परिवर्तन भएको अनुभूति गर्न नसकिने जिकिर गरे ।

सस्थाका महासचिव अन्जु झाले महिलाहरुलाई तोकिएको प्रतिशत अनुसार सहभागिता नगराइएको देखेर दुखित भएको गुनासो पोखिन् । राजनीतिक दलका कार्यकारी समितिमा महिलाहरुको २७ प्रतिशत मात्र सहभागिता देखिएको अध्ययनले देखाएको जानकारी समेत उनले गराइन् ।

अस्ट्रेलियन एडको आर्थिक सहयोग तथा माण्डवीको आयोजनामा शी लिड्स महिला नेतृत्व कार्यक्रम अन्तर्गत रौतहट , बारा , सर्लाही , महोतरी र धनुषा गरी पाँच वटा जिल्लाका संचारकर्मीहरुसंग अन्तरक्रिया गर्न कार्यक्रमको आयोजना गरिएको थियो ।

३० जना विभिन्न संचार माध्यममा आवद्ध भएका संचारकर्मी सहभागी भएको उक्त कार्यक्रममा राजनीतिका रुपमा महिलाहरुको पहुँच कम देखिएकोले नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुसार ३३ प्रतिशत सभागिता गराउनु पर्ने राजनीतिक दलहरुका नेतृत्व माथि दवाव दिनु पर्नेमा संचारकर्मीहरुले जोड दिएका थिए ।

# रक्तदान गरेर पत्रकारले मनाए स्थापना दिवस



सप्तरी। रगत अभावका बेला नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाले बुधवार राजविराजमा रक्तदान गरेर महासङ्घको स्थापना दिवस मनाएको छ। महासङ्घको ६७औँ स्थापना दिवसका अवसर रक्तदान कार्यक्रम गरेर स्थापना दिवस मनाइएको हो ।

पत्रकार महासङ्घ कार्यालयमा भेला भएका यहाँका पत्रकारको ब्यानरसहित निक्लिएको प्रभात फेरी राजविराजस्थित रक्तदान सञ्चार केन्द्रमा पुगेर रक्तदान कार्यक्रममा परिणत भएको थियो। कार्यक्रममा पत्रकारसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी र समाजसेवीले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी निरीक्षक किसमान तामाङ, महासङ्घका जिल्ला अध्यक्ष श्रवण देव लगायतले रक्तदान गर्नुभयो ।

यसैगरी पत्रकार रक्षा चौधरी, ओमप्रकाश साह, हेमशङ्कर सिंह, रामनारायण यादव, शैलेशकुमार कर्ण, सशस्त्र प्रहरी सजित श्रेष्ठ, रबिन राई, कुवेर बोहरा, कमलप्रसाद गौतम, उद्धवप्रसाद चौलागाईं, सामाजिक कार्यकर्ता रामानन्द देव, दीपेशदेव जोशी, रवीन्द्र साह लगायतले रक्तदान गर्नुभएको छ। विसं २०११ चैत १६ गते पत्रकार महासङ्घको स्थापना भएको हो ।

महासङ्घको स्थापना दिवसका अवसरमा सहभागी प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाले राज्यका सबै निकायका काम कारबाहीको निगरानी गर्नाका साथै सञ्चार क्षेत्रले सत्य-तथ्य सूचना प्रवाह र जनताका आवाजलाई सार्वजनिक गर्न अझ बढी संवेदनशील बन्न जरुरी रहेको बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीय तहमा प्रेसमैत्री सञ्चार नीति, कानुन र संरचना निर्माणका लागि महासङ्घले थप पहल र खबरदारी गर्नुपर्ने सञ्चारकर्मीले बताएका छन् ।रासस

# बरियारपट्टी गाउंपालिकाको प्रशासकीय भवन उद्घाटन

**टुडे समाचारदाता**

सिरहा। राजश्व अभिवृद्धिका सम्भाव्यतालाई पहिचान गर्दै त्यसलाई संरक्षण तथा परिचालन गरेर स्थानीय तहहरु स्वनिर्भर बन्नुपर्ने सिरहा प्रमुख जिल्ला अधिकारी लालबावु कवाडीले बताएका छन् । सिरहाको बरियारपट्टी गाउंपालिकाको प्रशासकीय भवन उद्‌टन समारोहमा सो कुरा बताएका हुन् ।

बरियारपट्टी गापाको नवनिर्मित भवनको उद्‌घाटन समारोहमा उनले स्थानीय श्रोत, साधन र प्राकृतिक सम्पदालाई संरक्षण गरेर राजश्व अभिवृद्धिसँग जोडेर क्रियाकलाप गरियो भने पालिकाको सुन्दरता पनि बढ्ने धारणा राखे ।

साना ठूला विकास निर्माणका काम गर्दै पालिकाभरिमा विभिन्न सडकहरुमा १८ किलोमिटर सडक ढलान सम्पन्न गरी ४ किलोमिटरको सडकमा कालोपत्रे अन्तिम चरणमा पुगेको बरियारपट्टी गाउंपालिकाका अध्यक्ष सन्तोष कुमार महतोले बताए । आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म पटक पटक बजेट विनियोजन गर्दै ६५ लाखको लागतमा उत्तरतिरको भवन र ५५ लाखको लागतमा पूर्वतिरको भवन निर्माण सम्पन्न भएको उनले जानकारी गराए ।

केन्द्रीय अनुदान प्राप्त मापदण्ड अनुसार जग्गा बन्दोवस्तीका लागि प्रयास गरिए पनि विभिन्न कारणले सफलता हासिल गर्न नसक्दा पालिकाको पटक पटकको लगानीमा प्रशासनिक भवन निर्माण गर्न सफल भएको उनले बताए ।



'चुनाव जितेर आउँदा तत्कालीन गाविस बरियारपट्टीको भवनमा पालिकाको सम्पूर्ण काम गर्नुपरेको थियो । एउटै कोठामा अध्यक्ष,उपाध्यक्ष र प्रशासकीय अधिकृत बस्नुपर्ने बाध्यता थियो । सेवाग्राही जनतालाई पालिकामा बस्न दिने ठाउँ पनि थिएन् । आउने अतिथिलाई ठाउंको कारण बस्नु भन्ने भन्न नपाउँदा धैरै दुःख लाग्थ्यो,'उनले भने,'त्यस्ता समय र समस्यालाई चिर्दै सबैको सहयोग र सहकार्यमा पालिकालाई सुसम्पन्नको अवस्थामा ल्याएको छुँ।'

'हामी चुनाव जितेर आउँदा वडा कार्यालयको भवनमा आश्रय लिएर बस्नुपर्ने बाध्यता थियो । भवन अभावमा एउटै कोठामा कौँचिएर २ देखि ४ वडा शाखा संचालन गर्नुपर्ने बाध्यता थियो । भवन अभावको बाध्यता बीच जनताको अपेक्षालाई पूरा गर्नुपर्ने अर्कोतिर हाम्रो कर्तव्य थियो,' बरियारपट्टी गापा उपाध्यक्ष तथा न्यायिक समितिकी संयोजक रेखा कुमारी यादवले भनिन्,' रुखमुनी बसेर न्याय सम्बन्धी काम र जनसहभागिताका छलफल गर्नुपरेको थियो । गर्थे ।'

'कसैको एकल प्रयास होइन् सबैको साझा प्रयासमा पालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ,'उनले थप्दै भनिन्,' भवन निर्माणसँगै पालिकाबाट भएको सबै कामको श्रेय सबै पदाधिकारीलाई जानेछ । सबैको योगदान छ ।

विकास र व्यवस्थापनमा सबै पदाधिकारी साझेदार छ । काम गर्ने क्रममा केही त्रुटि भएको होला तर सबैको चाहना विकास गर्ने नै थियो र छ पनि ।'

जनप्रतिनिधिले बनाएको योजना र कार्यक्रमलाई कानूनी तौर तरिका मिलाई दिने काम प्रशासनिक कर्मचारीले पूरा गरेको प्रमुख प्रशासकीय अधिकृत रंजितजंग अधिकरीले बताए । कार्यपालिकाको पदाधिकारीको सल्लाह सुझावलाई मानेर कानूनी तवरले ठीक र बेठीक हो भन्ने राय दिएर कार्मचारी तप्का अगाडि बढ्दै आएको उनले प्रष्ट पारे ।

पालिका अध्यक्ष सन्तोष कुमार महतोको सक्रियतामा भएको प्रशासकीय भवन उद्धाटन समारोहमा जनता समाजवादी पार्टीका गाउँ अध्यक्ष बद्री नारायण यादव, नेकपा (माओवादी) पार्टीका गाउँ अध्यक्ष राजेन्द्र यादव, जनमत पार्टीका पार्टी प्रतिनिधि दिनेश यादव,उद्योग वाणिज्य संघ सुखीपुरका अध्यक्ष सत्रुधन साह, जनता माध्यमिक विद्यालय खोक्सीका प्रधानाध्यापक विनोद कुमार मण्डल लगायतले पालिकाको विकास निर्माण तथा प्रशासकीय भवनको सन्दर्भमा आ-आफ्ना मनत्वय राखेका थिए । कार्यक्रममा सहभागी भएका जेष्ठ नागरिक तथा अन्य व्यक्तिहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

# स्थानीय तह निर्वाचनमा उम्मेदवार हुँदा स्वघोषणा गर्नुपर्ने व्यवस्था

काठमाण्डु । निर्वाचन आयोगले स्थानीय तहसँग सम्बन्धित कानूनी तथा कार्यविधिगत व्यवस्थालाई व्यवस्थित गर्न बुधवार स्थानीय तह निर्वाचन निर्देशिका, २०७९ जारी गरेको छ ।

निर्देशिकामा निर्वाचन अधिकृतसम्बन्धी व्यवस्था, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा कर्मचारीसम्बन्धी व्यवस्था, निर्वाचनसँग सम्बन्धित सरोकारवालाको काम, कर्तव्य र अधिकारसम्बन्धी विषय समेटिएको छ ।

निर्देशिकामा उम्मेदवारको योग्यता तथा मनोनयन, मतदाता नामावली, मतदान र मतगणनासम्बन्धी व्यवस्थालगायत निर्वाचनको प्रभावकारी व्यवस्थापनसम्बन्धी विषय समावेश छन् ।

आयोगले नेपालको संविधान तथा निर्वाचनसम्बन्धी प्रचलित कानूनी व्यवस्थासमेतको आधारमा स्थानीय तह निर्वाचनमा उम्मेदवार हुने प्रचलित कानूनबमोजिम योग्यता पुगेको कुनै पनि व्यक्तिले मनोनयन दर्ता गर्दा स्वघोषणा गर्नुपर्ने व्यवस्था गरेको छ ।


आफूले गरेको स्वघोषणाप्रति उम्मेदवार स्वयं जिम्मेवार हुनुपर्ने नयाँ व्यवस्था आयोगले गरेको हो ।

उम्मेदवारको मनोनयनपत्र साथ पेश गर्नुपर्ने स्वघोषणा पत्रमा देहायका बुँदा समावेश गरिएको आयोगले जनाएको छ । रासस

# नारायणी अस्पतालमा सिटी स्क्यान सेवा सुरु

पर्सा । वीरगन्जको नारायणी अस्पतालमा विगत दुई वर्षदेखि अवरुद्ध रहेको सिटी स्क्यान सेवा पुनः सञ्चालनमा आएको छ । स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको रकमबाट अस्पतालले नयाँ मेसिन नै जडान गरेपछि सेवा पुनः सञ्चालनमा आएको हो।

रु चार करोड ९० लाखभन्दा बढी रकम खर्चगरी जडान गरिएको सिटी स्क्यान मेसिन सञ्चालनमा आएपछि नारायणी अस्पतालमा उपचार गराउन आउने बिरामीको रोग पत्ता लगाउन मद्दत पुगेको अस्पतालका मेडिकल सुपरिटेनडेन्ट डा वीरेन्द्रबहादुर प्रधानले जानकारी दिनुभयो । उहाँले अस्पतालको सिटी सेवा अवरुद्ध हुँदा बिरामीले महँगो दरमा बाहिरबाट सिटी स्क्यान गराउँदै आएकामा अस्पतालले आफ्नै सेवा सञ्चालन गरेपछि बिरामीको समय र पैसा दुवै जोगिएको बताउनुभयो ।



***बिरामीको रोग पत्ता लगाउने अति नै महत्वपूर्ण मानिने सिटी स्क्यान सेवा नारायणी अस्पतालमा सञ्चालन भएपछि सस्तो दरमा बिरामीले गुणस्तरीय स्वास्थ्य सेवा पाउने उहाँको भनाइ छ।***

अस्पतालले सञ्चालन गरेको सिटी स्क्यान सेवाको दरलाई बजार भन्दा ३० प्रतिशत सस्तो राखिएको छ भने आर्थिक अवस्था कमजोर भएकालाई विषेश छुटको प्रबन्ध अस्पताल प्रशासनले गरेको डा प्रधानले जानकारी दिनुभयो । मधेस प्रदेशमै सबैभन्दा बढी बिरामीको चाप हुने अस्पतालले हाल शरीरको सबै भागका विभिन्न १५ प्रकारका कन्ट्रास्ट इहेन्समेटदेखि नन् कन्ट्रासट परीक्षण सेवा सुलभ दरमा प्रदान गरी रहेको रेडियो टेक्नोलोजिस्ट प्रदीप साहले जानकारी दिनुभयो ।

बारा, पर्सा, रौतहट, सर्लाही र सीमावर्ती भारतीय सहर समेतबाट दैनिक एक हजार २०० भन्दा बढी बिरामी उपचारका लागि नारायणी अस्पतालमा आउने गरेका छन् । बिरामीको रोग पत्ता लगाउने अति नै महत्वपूर्ण मानिने सिटी स्क्यान सेवा नारायणी अस्पतालमा सञ्चालन भएपछि सस्तो दरमा बिरामीले गुणस्तरीय स्वास्थ्य सेवा पाउने उहाँको भनाइ छ ।रासस

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेश प्रदेशको गत निर्वाचनको प्रमुख/उप-प्रमुखको मतगणनाको विस्तृत परिणाम




| स्थानीय तह | पद | उम्मेदवारको नाम | राजनीतिक दलको नाम | जम्मा प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|
| **जिल्ला** : रौतहट | | | | | |
| **स्थानीय तह** : बौधीमाई नगरपालिका | | | | **कुल मतदाता** : १५,४१६ | |
| बौधीमाई नगरपालिका | प्रमुख | राजीव रंजन यादव | संघीय समाजवादी फोरम, नेपाल | २९७२ | निर्वाचित |
| बौधीमाई नगरपालिका | प्रमुख | त्रिभुवन साह | नेकपा माओवादी केन्द्र | २५५५ | |
| बौधीमाई नगरपालिका | प्रमुख | प्रदीप कुमार यादव | नेकपा एमाले | २४९८ | |
| बौधीमाई नगरपालिका | प्रमुख | रामलोचन प्रसाद कलवार | नेपाली काँग्रेस | १६९५ | |
| बौधीमाई नगरपालिका | प्रमुख | राजन बाबु जयसवाल | राष्ट्रिय जनता पार्टी नेपाल | १४९१ | |
| बौधीमाई नगरपालिका | प्रमुख | दिनेश राय यादव | नेपाल लोकतान्त्रिक फोरम | २७ | |
| बौधीमाई नगरपालिका | प्रमुख | रामपुकार यादव | राष्ट्रिय प्रजातन्त्र पार्टी | २२ | |
| बौधीमाई नगरपालिका | प्रमुख | सैनुल अंसारी | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ७ | |
| बौधीमाई नगरपालिका | प्रमुख | विकेश दास तत्मा | बहुजन शक्ति पार्टी | २६ | |
| बौधीमाई नगरपालिका | उपप्रमुख | प्रेमलता कुशवाहा | संघीय समाजवादी फोरम, नेपाल | २६७९ | निर्वाचित |
| बौधीमाई नगरपालिका | उपप्रमुख | रिमा कुमारी यादव | नेकपा माओवादी केन्द्र | २५७० | |
| बौधीमाई नगरपालिका | उपप्रमुख | ईन्दु मिश्र | नेकपा एमाले | २४२७ | |
| बौधीमाई नगरपालिका | उपप्रमुख | बाबुलाल प्रसाद यादव | बहुजन शक्ति पार्टी | ४६ | |
| बौधीमाई नगरपालिका | उपप्रमुख | उर्मिला गुप्ता | राष्ट्रिय जनता पार्टी नेपाल | १२९७ | |
| बौधीमाई नगरपालिका | उपप्रमुख | परमानन्द राय यादव | नेपाल मजदुर किसान पार्टी | ५० | |
| बौधीमाई नगरपालिका | उपप्रमुख | हमीदा खातुन | नेपाल लोकतान्त्रिक फोरम | ४८ | |
| बौधीमाई नगरपालिका | उपप्रमुख | किरण कुमारी देवी | नेपाली काँग्रेस | १७४८ | |
| **जिल्ला** : धनुषा | | | | | |
| **स्थानीय तह** : मुखियापट्टी मुसहरमिया गाउँपालिका | | | | **कुल मतदाता** : १३,६१६ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | अध्यक्ष | मनोज कुमार यादव | नेकपा एमाले | ३५४० | निर्वाचित |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | अध्यक्ष | रामवावु यादव | नेपाली काँग्रेस | १९९२ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | अध्यक्ष | विश्वनाथ यादव | स्वतन्त्र | १७८७ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | अध्यक्ष | इन्द्र कुमार झा | राष्ट्रिय जनता पार्टी नेपाल | ६२६ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | अध्यक्ष | अशोक कुमार यादव | संघीय समाजवादी फोरम, नेपाल | ५५५ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | अध्यक्ष | बंगाली दास तत्मा | नेकपा माओवादी केन्द्र | १५७ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | अध्यक्ष | रमेश कुमार झा | नेपाल लोकतान्त्रिक फोरम | १७ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | उपाध्यक्ष | मिरा देवी महतो | नेकपा एमाले | ३५२७ | निर्वाचित |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | उपाध्यक्ष | अनिता कुमारी | नेपाली काँग्रेस | १९८८ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | उपाध्यक्ष | जय कुमार यादव | स्वतन्त्र | १७६० | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | उपाध्यक्ष | भोगवती देवी | राष्ट्रिय जनता पार्टी नेपाल | ४८१ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | उपाध्यक्ष | गंगा देवी | नेकपा माओवादी केन्द्र | १६१ | |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | उपाध्यक्ष | वन्दना मिश्र | संघीय समाजवादी फोरम, नेपाल | ५५६ | |
| **जिल्ला** : महोत्तरी | | | | | |
| **स्थानीय तह** : मनरा शिसवा नगरपालिका | | | | **कुल मतदाता** : २४,२५१ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | संजय कुमार सिंह | राष्ट्रिय जनता पार्टी नेपाल | ४२३९ | निर्वाचित |
| मनरा शिसवा नगरपालिका | प्रमुख | महेन्द्र राय | संघीय समाजवादी फोरम, नेपाल | ३२६१ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | किशोर कुमार सिंह | नेपाली काँग्रेस | २५३६ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | राजेन्द्र साह तेली | नेकपा माओवादी केन्द्र | ११९६ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | राज किशोर साह | नेकपा एमाले | १०७४ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | राम विशेष शरण | नेपाल लोकतान्त्रिक फोरम | ८८९ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | राम वावु यादब | राष्ट्रिय प्रजातन्त्र पार्टी | ११९ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | युसुफ साफी | स्वतन्त्र | ३४ | |
| मनरा शिसवा नगरपालिका | प्रमुख | लक्ष्मी देवी सिंह | नयाँ शक्ति पार्टी, नेपाल | ५६७ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | रमिता प्रधान | राष्ट्रिय जनता पार्टी नेपाल | ४०५३ | निर्वाचित |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | हजरा खातुन | संघीय समाजवादी फोरम, नेपाल | २८८९ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | आशा कुमारी देवी | नेपाली काँग्रेस | २१६२ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | सूर्यकला कुमारी मंडल | नेपाल लोकतान्त्रिक फोरम | १०४१ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | अन्जु कुमारी सिंह | स्वतन्त्र | १४४ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | अनिता सिंह | नेकपा माओवादी केन्द्र | १०२३ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | धनपत साह | नयाँ शक्ति पार्टी, नेपाल | ७४७ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | महेश्वर मिश्र | स्वतन्त्र | ३४८ | |
| मनरा शिसवा नगरपालिका | उपप्रमुख | चन्दु देवी | नेकपा एमाले | १०२४ | |
| **जिल्ला** : सर्लाही | | | | | |
| **स्थानीय तह** : धनकौल गाउँपालिका | | | | **कुल मतदाता** : ११,४६२ | |
| धनकौल गाउँपालिका | अध्यक्ष | सोनेलाल पासवान | नेकपा एमाले | २५० | |
| धनकौल गाउँपालिका | अध्यक्ष | रघुनाथ महतो | राष्ट्रिय जनता पार्टी नेपाल | ८४९ | |
| धनकौल गाउँपालिका | अध्यक्ष | राजेन्द्र सिंह राजपुत | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३१ | |
| धनकौल गाउँपालिका | अध्यक्ष | गौरी शंकर साह स्वर्णकार | नेकपा माओवादी केन्द्र | ३२८२ | |
| धनकौल गाउँपालिका | अध्यक्ष | रामआश्रय साह | नेपाली काँग्रेस | ४५२१ | निर्वाचित |
| धनकौल गाउँपालिका | उपाध्यक्ष | प्रेमशिला यादव | राष्ट्रिय जनता पार्टी नेपाल | ८६० | |
| धनकौल गाउँपालिका | उपाध्यक्ष | संगिता कुमारी | नेकपा माओवादी केन्द्र | ३२९० | |
| धनकौल गाउँपालिका | उपाध्यक्ष | अकली सहनी | नेपाली काँग्रेस | ४४६१ | निर्वाचित |
| धनकौल गाउँपालिका | उपाध्यक्ष | सोनम कुमारी सिंह | नेकपा एमाले | २९३ | |

# रातु ठाकुर मोक्षधाम निर्माणले गति लिँदै

महोत्तरी । महोत्तरीको बर्दिबास नगरपालिका-१ रातु नदी किनारमा 'रातु ठाकुरमोक्ष धाम' निर्माणको कामले गति लिँदैछ । मान्छेकोअन्तिमविश्रामस्थलमानिने अन्त्येष्टिस्थल निर्माणमा स्वस्फूर्त सहयोग जुट्दै गएपछि 'धाम' निर्माणको कामले गति लिएको हो ।

रातु नदी किनारमा अहिले हिन्दू संस्कार विधिले गरिने अन्त्येष्टिका लागि धमाधम पाँच वटा चितास्थल (शवदाहस्थल) बनाइँदैछन् । पाँच बिघा सात कठ्ठा क्षेत्रको धामलाई सुगम, मनोरम र सुरक्षित बनाउन थालिएका प्रयत्नमा मनकारी दाताले विभिन्न जिम्मेवारी लिएर काम बढाएपछि अब 'धाम' निर्माणले गति लिएको 'रातु ठाकुरमोक्ष धाम' निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष कृष्ण देवकोटा बताउनुहुन्छ ।

"हिन्दू दर्शनले भौतिक पञ्चतत्वले बनेको शरीर नासवान भए पनि आत्मा अविनासी हुन्छ भनेको छ, त्यसैले मृतक व्यक्तिको आत्माले शान्ति पाओस् भन्ने हेतुले व्यवस्थित 'धाम' निर्माणमा जुटेका हौं ।" पूर्वपश्चिम राजमार्गको रातु पुलको उत्तरतर्फ नदीको पश्चिम किनार बर्दिबास नगरक्षेत्रका हिन्दूहरूको अन्त्येष्टिस्थल रहँदै आएको छ । अहिले यसै ठाउँको पाँच बिघा सात कठ्ठा क्षेत्रफलको नदी उकास जग्गालाई घेराबेरा गरेर 'धाम' निर्माण गरिन लागिएको हो । राजमार्गबाट मोटर बाटो निर्माणाधीन धामसम्म पुऱ्याइएको छ ।

धाम परिसरभित्र बर्दिबासका युवाउद्यमी कुमार भण्डारीले 'रातु ठाकुर' (नदीका देवता) र बर्दिबासकै स्थानीय कृष्णबहादुर हमालले श्मसानका रखवाला मानिने भगवान शिवको मन्दिर बनाउँदै हुनुहुन्छ । पसिरभित्र दाताको सहयोगबाटै चार कोठे पक्की धर्मशाला निर्माण भइसकेको छ ।

*पाँच बिघा सात कठ्ठा क्षेत्रको धामलाई सुगम, मनोरम र सुरक्षित बनाउन थालिएका प्रयत्नमा मनकारी दाताले विभिन्न जिम्मेवारी लिएर काम बढाएपछि अब 'धाम' निर्माणले गति लिएको 'रातु ठाकुरमोक्ष धाम' निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष कृष्ण देवकोटा बताउनुहुन्छ ।*

यसैगरी बर्दिबास-९ पशुपतिनगरका घुरन महतो र रामनारायण महतोले निजी खर्चमा छुट्टाछुट्टै मलामी बस्ने पक्की घर बनाउँदै हुनुहुन्छ ।

चारवटा शौचालय निर्माण चरणमा छन् । एक लाख ५० हजार लिटर पानी भण्डारण क्षमताको टङ्की निर्माणको काम अन्तिम चरणमा छ । खानेपानीका धारा व्यवस्थित गरिँदैछन् । अध्यक्ष देवकोटाले धाम निर्माणमा भइरहेका कामबारे विस्तारपूर्वक जानकारी दिनुभयो । "हामी पूर्वी नेपालका सुनसरी र झापामा स्थानीय प्रयत्नबाट सर्पदंश उपचारमा भइरहेका कामबारे अवलोकन गर्न गएका थियौं", सर्पदंश उपचार केन्द्र बर्दिबास-३ गौरीडाँडा सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका देवकोटाले भन्नुभयो, "त्यसैक्रममा सुनसरीको इटहरीमा व्यवस्थित अन्त्येष्टिस्थल देखियो, त्यसैबाट प्रेरित भएर यहाँ 'धाम' निर्माणको हुटहुटीले काम थालिएको हो ।"

गरौँ भनेर काम थालेपछि सहयोगी हातको साथ पाइने देवकोटाको अनुभव छ । सर्पको विगविगी हुने बर्दिबासमा उपचार केन्द्र सञ्चालनको काम थाल्दा पाएको सहयोगले 'धाम' निर्माणमा हौस्याएको देवकोटा बताउनुहुन्छ । "कहाँबाट जुट्ला भनेर पहिल्यै तर्सदा त के गर्न सकिन्छ र ? तर राम्रो काममा सहयोग गर्ने ठाउँमै आइपुग्ने मेरो पूर्वअनुभवले काम गरेको छ ।" आफूले अब धाम बनाउने भन्ने सङ्कल्प गरेर काम थालेपछि एकपछि अर्को सहयोग थपिँदै गएको देवकोटाले बताउनुभयो । धाम परिसरमै दाउरा डिपो व्यवस्थित गर्न प्रक्रिया थालिएको पनि उहाँले जानकारी दिनुभयो ।

"चितास्थल आगोले नफुट्ने चाहिन्छ, त्यसैले यसको पक्का सुर्खीचुनले प्लाष्टर गरिँदैछ, यो पनि सहयोगबाटै जुटेको हो", देवकोटा भन्नुहुन्छ, "धाम निर्माणमा लाग्ने ३० हजार ईँटामध्ये २५ हजार समाजसेवी लक्ष्मी महतोबाट प्राप्त भएको छ, धेरैजसो सिमेन्ट युवाउद्यमी कुमार भण्डारीबाट प्राप्त भएको छ ।"

"यहाँ लागेका सामग्री सबै दाताबाटै प्राप्त हुन्, मत निमित्त मात्र हुँ" देवकोटा भन्नुहुन्छ । धाम निर्माणका लागि सर्वपक्षीय भेलाले एकवर्ष पहिले देवकोटाको नेतृत्वमा 'रातु ठाकुर मोक्ष धाम, निर्माण तथा व्यवस्थापन समिति' गठन गरेसँगै काम थालिएको थियो ।

कामले अब निश्चित् आकार लिइसकेको देख्दा अब आफ्नै ठाउँमा व्यवस्थित अन्त्येष्टि घाट चाँडै प्रयोगमा आउने यसभेगका बासिन्दामा विश्वास जागेको छ ।रासस

## पाँचौँ बिम्स्टेक सम्मेलन : सङ्गठनको बडापत्र अनुमोदन

काठमाण्डु । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) को पाँचौँ शिखर सम्मेलनले सङ्गठनको बडापत्र अनुमोदन गरको छ ।

श्रव्यदृश्यका माध्यमबाट सदस्य राष्ट्रका राष्ट्राध्यक्ष/सरकार प्रमुखले वडापत्रमा हस्ताक्षर गरेर त्यसलाई अनुमोदन गर्नुभएको हो । बडापत्रमा प्रधानमन्त्री शेरबहादुर देउवाले हस्ताक्षर गर्नुभएको छ ।

सम्मेलनले तीन नयाँ दस्तावेजलाई पनि अनुमोदन गरेको छ । कोलम्बोमा रहनुभएका परराष्ट्रमन्त्री डा नारायण खड्काले नेपाल सरकारका तर्फबाट ' आपराधिक मामिलामा पारस्परिक कानुनी सहायतासम्बन्धी बिमस्टेक महासन्धि' र 'कोलम्बोमा प्रविधि हस्तान्तरण केन्द्र स्थापनासम्बन्धी संलग्नतापत्र'मा हस्ताक्षर गर्नुभएको कोलम्बोस्थित नेपालको राजदूतावासले जनाएको छ ।

त्यसैगरी परराष्ट्र मन्त्रालयका सहसचिव तथा क्षेत्रीय सङ्गठन महाशाखाका प्रमुख घनश्याम भण्डारीले 'बिम्स्टेक सदस्य राष्ट्रका कूटनीतिक प्रतिष्ठान/प्रशिक्षण संस्थाबीच पारस्परिक सहयोगसम्बन्धी समझदारीपत्र'मा हस्ताक्षर गर्नुभयो ।रासस

# राजनीतिक दललाई आयोगद्वारा १७ बुँदे निर्देशन

काठमाण्डु । निर्वाचन आयोगले आगामी बैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा भाग लिन दर्ता भएका राजनीतिक दलहरूलाई १७ बुँदे निर्देशन दिएको छ ।

नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन, स्थानीय तह निर्वाचन ऐन, निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना र निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ मा व्यवस्थाअनुरूप आयोगले उक्त निर्देशन दिएको हो ।

स्थानीय तह निर्वाचन, २०७९ को व्यवस्थापन र सञ्चालनलाई लैङ्गिक तथा समावेशी बनाइ महिला तथा समावेशी समूहका व्यक्तिहरूलाई निर्वाचन प्रक्रियामा बढीभन्दा बढी सहभागिता र प्रतिनिधित्व गराउने सम्बन्धमा आआफ्नो तर्फबाट गर्न गराउन दललाई आयोगले भनेको छ ।

नेपालको संविधानको धारा ३८ को उपधारा (४) तथा धारा ४२ को उपधारा (१) मा भएको व्यवस्था र नेपालको संविधानको धारा ४७ को मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्था समेतलाई स्मरण गरी स्थानीय तहमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्न निर्देशनमा भनिएको छ ।

राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि हुन नदिने सुझाव दिइएको छ ।

आयोगले दलमा तोकिनुभएका लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई परिचालन गरी निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ को कार्यान्वयनमा सहयोग गर्न भनेको छ । निर्वाचनमा प्रयोग हुने मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्न पनि सल्लाह दिइएको छ ।

आयोगले राजनीतिक दलको घोषणापत्रलगायत दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्ने तथा स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले महिलाको मनोनयनको व्यवस्था गर्न पनि आयोगले भनेको छ ।

आयोगले विसं २०७४ मा १७५ दलित महिला वडा सदस्य पदमा उम्मेदवारी नै नपरेको कारणबाट उक्त पद रिक्त भएको विषयलाई गम्भीरतापूर्वक लिई प्रचलित कानुन बमोजिम सम्पूर्ण वडामा दलित महिलाको उम्मेदवारी हुने व्यवस्थाका लागि आवश्यक पहल गर्ने सुझाव दिएको छ ।

महिला, दलित वा अल्पसङ्ख्यक समुदायको लागि आरक्षण गरिएका पदबाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तीमा एक तिहाइ महिला र नेपालको सामाजिक विविधता प्रतिविम्वित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्ने व्यवस्थाका लागि निर्देशन दिइएको छ ।

आयोगले राजनीतिक दलले आफ्ना सदस्यलाई लैङ्गिक तथा समावेशीताका सवालमा संवेदनशील बनाउन आवश्यक सहजीकरण तथा प्रशिक्षणको व्यवस्था गर्न भनेको छ ।

राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चित गर्ने सुझाव दिइएको छ ।

आयोगले राजनीतिक दलबाट तयार गरिने तालिम तथा प्रशिक्षणका पाठ्यक्रम, पाठ्य सामग्री, निर्वाचनसम्बन्धी स्रोत सामग्री तयार गर्दा तथा कार्यक्रमस्थल छनोट गर्दा लैङ्गिक तथा अपाङ्गमैत्री र समावेशी बनाउने भनेको छ । राजनीतिक दलहरूबाट सञ्चालन गरिने कुनै प्रकारको कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्ग, क्षेत्र र समुदायको सहभागिता र प्रतिनिधित्वका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न आयोगले निर्देशन दिएको छ । रासस

# न्यायाधीश श्रेष्ठद्वारा पद तथा गोपनीयताको शपथ

काठमाण्डु । सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त तिलप्रसाद श्रेष्ठले बुधवार पद तथा गोपनीयताको शपथ लिनुभएको छ । कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीसमक्ष न्यायाधीश श्रेष्ठले पद तथा गोपनीयताको शपथ लिनुभएको हो ।

संसदीय सुनुवाइ समितिको मङ्गलबारको बैठकबाट सर्वसम्मत रूपमा अनुमोदन भएपछि राष्ट्रपति विद्यादेवी भण्डारीले श्रेष्ठलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गर्नुभएको थियो ।

उच्च अदालत विराटनगरको मुख्य न्यायाधीश रहेका श्रेष्ठलाई गत फागुन २६ गते बसेको न्याय परिषद्को बैठकले सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको थियो ।न्याय परिषद्ले उहाँको नाम सर्वोच्च अदालतका लागि मनोनयन गरी संसदीय सुनुवाइका लागि गत फागुन २७ गते समितिमा पठाएको थियो ।

उहाँले अदालतमा मुद्दा छिनोफानोका क्रममा विद्युतीय प्रणाली अवलम्बन, पेसी र फैसला तयारीबारे सेवाग्राहीलाई जानकारी, स्थानीय तहका पदाधिकारीसँग मुद्दा छिनोफानोका सम्बन्धमा अन्तरक्रिया र प्रशिक्षण, अदालतमा निःशुल्क कानुनी फाँट, न्यायिक सञ्जाल, 'मिट दी जज' तथा फैसलामा हार्ने पक्षलाई चित्त बुझाउने फैसला लेखनजस्ता महत्वपूर्ण कार्यको सुरुआत गर्नुभएको छ ।रासस

**Notice**

This is to inform all concerned individual(s), agencies and companies that USAID's Early Grade Reading Program II (EGRP II), PO Box 14417, No. 46/64 Tej Bhawan, Uttar Dhoka, Lazimpat, Kathmandu, Nepal will officially phase out its district offices in Saptari, Siraha, Dhanusha, Mahottari, Sarlahi, Rautahat, Bara and Parsa districts effective April 15, 2022, and Janakpur Regional Office effective April 30, 2022.

Accordingly, all those concerned are informed by this notice that any official payments or liabilities, if any to be claimed from EGRP II, will be paid on or before April 5, 2022. No claims will be entertained after April 7, 2022.

**USAID's Early Grade Reading Program II**
**PO Box 14417, No. 46/64 Tej Bhawan**
**Uttar Dhoka, Lazimpat**
**Kathmandu, Nepal**
**Tel: +977-1-4001103**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# राजनीतिमा आकर्षण !

स्थानीय तहको निर्वाचन बैशाख ३० गते निर्धारण गरिएको छ । सरकार र निर्वाचन आयोग निर्वाचनको तयारीमा जुटि सकेका छन् । निर्वाचन आयोगले गर्ने आफ्नो नियमित कार्यलाई तीव्रता दिएको छ भने आयोगले हुने सम्पूर्ण विधि प्रक्रियालाई दिनहुँ अगाडि बढाई रहेका छन् । तर, मधेश प्रदेशमा भने उम्मेदवार बन्नेहरुको होडबाजी चलेको छ । संघमा सरकारले एक्लै एक्लै निर्वाचनमा आउने कि गठवन्धन बनाएर त्यसको कुनै अतोपतो नभएपनि यहाँ उम्मेदवारहरुको दिनहुँ उम्मेदवारी घोषणा भई रहेको छ । यहाँ त यति सम्म भई सकेको छ कि पार्टीले निर्णय नगरेपनि आफ्नो उम्मेदवारी आफै तथा समर्थकहरुवाट गराई रहेका छन् । पाँच बर्ष सम्म समाजसेवाको नाममा आफ्नो बजार फ्स्टयाउनेहरु आज जनताको नाउ लिएर भए पनि चुनाव लड्ने तयारीमा जुटेका छन् । यहाँ त, सरकारी जागिर तथा आफ्ना व्यवसायीक प्रतिष्ठान छाडेर चुनाव लड्ने तयारीमा जुटेको पनि देखिएको छ । उनीहरु राजनीतिक बाटोलाई नै किन अपनाउन चाहन्छ ? उनीहरु भ्रष्टाचार गर्न चाहन्छ ? छैन् भने समाजसेवा राजनीतिवाट टाढा रहेर पनि गर्न सकिन्छ । आजको दिनमा निष्पक्ष नागरिक समाजका अगुवा, समाजसेवीहरु खोज्नु भनेको बालुवामा पानी हाल्नु सरहनै हुनेछ । उनीहरुको अन्तिम बाटो भने राजनीतिनै रहेको अहिलेको अवस्था हेरेर स्पष्ट हुन्छ । मुलुकमा निष्पक्ष नागरिक समाजका अगुवा, निष्पक्ष समाजसेवी लगायतका पहरेदारहरु नभएका कारण राजनीतिककर्मीहरुमा भ्रष्टाचार, उदण्डता लगायतका प्रवृतिहरु फस्टयाउँदै गएको छ । सरकारका नेतृत्वकर्ताहरुको पहरेदारी गर्ने निकायनै राजनीति तिर आकर्षित हुन थालेपछि राजनीतिमा थप असहिष्णुता बढ्दै गएको छ । अहिले स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकार भए पनि एक तहको निष्पक्ष नागरिक समाजका अगुवा र समाजसेवी भने छैन् । विगतमा दिनहरुमा राजनीतिककर्मीहरुका लागि काँडाको रुपमा लिइएको नागरिक समाज र समाजसेवीहरु आज राजनीतिकर्मीहरुको रंगीचंगी दुनियामा रमाउन थालेका छन् । सरकारी जागिर र अन्य पेशाहरुलाई छाड्दै राजनीतिलाईनै रुचाउन थालेपछि समाजमा हुने विकृतिको बारेमा आवाज उठाउने भने कोही छैन् । जनताको विश्वास जति नागरिक समाजका अगुवा र समाजसेवी प्रति हुनु पर्ने थियो त्यो पनि विस्तारै विस्तारै समाप्त हुँदै गएको कारणनै उनीहरुको राजनीतिकर्मीहरुको रंगीचंगी दुनियामा रमाउनेका दृष्यहरु अधिक देखिएको छ ।

# राजनीतिक संस्कारको अभाव



**ललितकुमार यादव**

नेपालि बृहत शब्दकोश अनुसार राजनीति भन्नाले प्रजाको शान्ति सुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन व्यवस्थाको प्रणली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्तुलन गर्ने र यस्तै कार्य गर्ने नीति भन्ने बुझिन्छ । अझ सरल भाषामा भन्दा राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त भनेर भन्न सकिन्छ । जनता, देश र राजनीतिबिच अन्तर सम्बन्ध रहेको हुन्छ । किनकी जनता बेगरको देश र देश बेगरको राजनीतिको परिकल्पना समेत गर्न सकिदैन ।यसकारण हरेक राजनीतिज्ञ देश र जनता प्रति नैतिकवान (इमन्दार) नरहेसम्म देश र राजनीतिले सहि गति र दिशा लिन नसक्नेमा कुनै शंका छैन् ।

राजनीतिक दल एउटा राजनीतिक संस्था हो, जो सत्तामा जान निरन्तर प्रयत्नह गरि रहेको हुन्छ । सत्ता प्राप्तक गर्न राजनीतिक दलहरुले निर्वाचन प्रकृयामा भाग लिन जरुरी हुन्छ । प्रत्येक राजनीतिक दलको आफ्नै सिद्धान्त र लक्ष्य हुन्छ, जुन प्राय लिखित दस्तावेजको रुपमा रहेको हुन्छ ।

प्रत्र्योक राजनीतिक दल आफ्ना सिद्धान्त् र लक्ष्य अनुसारको कार्यक्रम र आफ्ना एजेण्डादहरु लिएर जनतामा जान र जनतासँग आफ्नो दललाई मतदान गर्न अग्रह गर्न पाउनु पर्छ। मतदातालाई आफूतिर आकर्षित गर्ने प्रयास हरेक दलले गर्ने गर्छन्। यी कार्यहरु राजनीतिक दलहरुले गर्नु पनि पर्छ। जानतामा आफ्नो विचार राख्नेद, जनतालाई आफ्ना योजना सुनाउने, आफ्ना नीति कार्यवन्यून गर्ने दलिलहरु प्रस्तुत गर्ने र यसकै आधारमा राजनीतिक दलहरुले जनताको मत माग्ने पर्छन्। हरेक राजनीतिक दल र उम्मेदवारले कुनै किसिमको अबरोध बेगर नै जनतासँग मत माग्नआ पाउनु पर्छ।अनि मात्र निष्पलक्ष निर्वाचनको वतावरण तयार हुन्छ ।निष्प क्ष निर्वाचनको लागि जनताले पनि आफुले मन पराएको दल र उम्मेदवारलाई निष्पक्ष मतदान गर्न पाउनु पर्छ। कही कसैले मतदातालाई दबाब वा आर्थिक प्रलोभनमा पार्नु हुदैन र मतदाता पनि पर्नु हुदैन्।

राजनीतिक दलले लिएको सिद्धान्तनकै आधारमा लोकतन्त्र अगाडी बढ्ने गर्छ। राजनीतिक र सामाजिक सचेतना, जागरण गराउने काम राजनीतिक दलहरु कै हो। राजनीतिक दलले लिने सिद्धान्ति र गरेका घोषणाले नै लोकतन्त्रको दिशा तय गर्छ। राजनीतिक दल र तिनका नेता समाज र जनताको पथप्रदर्शक हो। राजनीतिक दल र तिनका नेताको आचरण, ब्यबहार र संस्कारको प्रत्यपक्ष प्रभाव जनता र सामाजमा पर्ने गर्छ। भनाई नै छ नि वाणि र पानी तल तल सर्छ। जुन सत्य् हो, तर यसको हेक्का ठूला दलका शिर्ष नेताहरु र पूर्व प्रधानमन्त्री हरुले पनि समेत राखेको पाईएको छैन्।

आगामी वैशाख ३० गते स्थानिय तहको निर्वाचन हुन गई रहेको छ। निर्वाचनमा भाग लिने दलहरु निर्वाचनमा होमिएका छन्।सबैले जित्नोकै लागि एकले अर्को पार्टीको नेता कार्यकर्ता तान्नो होडबाजी चलेको छ। यसबाट दलहरु चुनावी गतिबिधि तिव्र पारेको बूझिन्छ । पार्टी प्रबेशको लहर मधेस प्रदेशमा अलि बढी नै चलेको छ। सबै दल मधेस प्रदेश केन्द्री त भएर सक्रिय भएका छन्। सँगसँगै दलहरु रणनीति र घोषणापत्रको तयारीमा पनि जुटेका छन्। केहीले रणनीति सकेर मैदानमा आइसकेका छन, तर घोषणापत्र कसैले ल्याउन सकेका छैनन्। मतदानमा घोषणापत्रकै आधारमा मत माग्नु पर्ने हो। तर घोषणापत्र ल्याउने कार्य जुन तिव्रताका साथ गर्नु पर्थ्योा दलहरुले त्यो गरेका छैनन्।

गत भदौ १ गते एमाले विभाजन गरी माधव कुमार नेपाल र खनाल लगायतका नेताहरुले नेपाल कम्यूनिष्टन पार्टी (एकिकृत सामाजवादी) गठन गर्न र सोही दिन जनता सामाजवादी पार्टी विभाजन गरी महन्थ ठाकुर र महतो लगायतका नेताहरुले लोसपा दर्ता गर्न निर्वाचन आयोगमा निवेदन दिएका थिए। सोही निवेदनको आधारमा भदौ ९ गते आयोगले नेपालको एकिकृत सामाजवादी र ठाकुरको लोसपा लाई दलको मान्यआता दिएको थियो। त्यस यता एमाले अध्यकक्ष ओली र नेकपा (एस) अध्यक्ष नेपाल सार्वजनिक रुपमै गाली गलौजमा उत्रेका छन् । एकले अर्कालाई ब्यङ्ग गर्नु सामान्य जस्तै भैसकेको छ। यी दुई अध्यगक्षहरु पूर्व प्रधानमन्त्रीहरु हुन् ,तर कार्यकर्तालाई आकर्षित गर्न ब्यक्तिगत रुपमै आरोपप्रत्यारोपमा यी दुई नेताहरु उत्रेका छन्। जुन कार्य उहाहरुको योहदालाई रति भर पनि सुहाएको छैन्। बरु यादव र ठाकुरले एकअर्कोको आलोचना गरेको सुनिएको छैन्। यसरी मधेस केन्द्रि त नेताहरुले आफुहरुमा राजनीतिक संस्कार रहेको देखाउन सफल भएका छन्, भने पूर्व प्रधानमन्त्री हरु असफल भएका छन्। यसले ओली र नेपाल दुवैले विभाजनलाई सहर्ष नलिएको सन्देफश प्रवाह गरेको छ।

यसरी एउटा नेताले अर्को नेतालाई वा एउटा दलको नेताले अर्को दललाई गाली गर्ने, बिना कुनै आधार आरोप लगाउने र ब्यङ्गका नाममा सामाजले पचाउनै नसक्ने खालका शब्दाबली नेताहरुले प्रयोग गर्नु राजनीतिक संस्कार हुँदै होईन। यस्ता आरोपप्रत्यारोप बिगत देखि नै दल र तिनका नेताहरुबिच चलदै आएका छन्। यो कमजोरी सबै जसो दल र तिका प्रायजसो नेताहरुमा रहेको पाईन्छ । पछिल्लो समय एमाले अध्यक्ष ओलीको निशानामा आफै प्रधानमन्त्रीर रहेको बेलामा पदाधिकारी नयूक्त गरेका निर्वाचन आयोग परेको छ। निर्वाचन आयोग एउटा निरीह अंग हो। निर्वाचन आयोगमाथि प्रमूख प्रतिपक्षि दलले विश्वारस नगर्नु गम्भिर कुरा हो। यसले निर्वाचव निष्पक्ष हुदैन की? भन्नेल प्रश्नन उठछ। तर सानातिन र प्राविधिक कुरा उठाएर ओलीले आफ्नो र एमालेको समेत साख गिराउने काम गरेका छन्। एमालेले निर्वाचन आयोगसँग चार विषयमा आपत्ति जनाएको छ। पहिलो मतपत्रकस चुनाव चिन्हनहरु हरियो रंगको राखिने, दोस्रो उम्मेदवारको मनोनयन दर्ता गर्ने अवधि दुई दिन राखिएको, तेस्रो स्थानीय तहका पदाधिकारी फेरि उम्मेदवार बन्नु परे राजिनामा दिनु पर्ने र चौथो राज्यकोषबाट लिएको रकम फरफारक नगरेका ब्यक्तिहरु उम्मेदवार बन्न नपाउने।

लोकतन्त्रकको मूल जरो नै आबधिक निष्पपक्ष निर्वाचन हो। निर्वाचन निष्पाक्ष हुन नसकेमा लोकतन्त्रोको विकास हुन सक्दैन्। यस्तोमा निर्वाचन गराउने सम्पूर्ण अभिभारा रहेको अंगमाथि नै शंका गर्नु भनेको गम्भिर र लोकतन्त्रप्रति नै विश्वारस नगरे जस्तो हो। यदि निर्वाचन आयोगले एमालेले जनाएको आपत्ति जस्तै कार्य गरेकै हो भने यसको पर्दाफास गरिनु पर्छ। नभए जनतामा निर्वाचन आयोगको बारेमा भ्रम पैदा हुन दिनु हुदैन। एमाले जस्तो जनाधार र सत्ताको बागडोर सम्हाली सकेको पार्टीले आयोगमाथि अविश्वानस गर्छ भने नया र साना दलले कसरी आयोगको विश्वाोस गर्न सक्छ? यो आफैमा गम्भिर प्रश्ना हो.। आफुले चाहे जस्तै भए सब ठिक नभए त्यही विषयलाई मुद्दा बनाएर जनतालाई भ्रमित पार्ने र सरकारको अंग माथि नै प्रश्नय उठाउने काम विगतमा पनि प्रतिपक्षबाट हुने गरेको र अहिले पनि भएको छ। यस्ता अविश्वा्सका कुरा अहिले एमालेले मात्र गरेको होईन।विगतमा पनि विभिन्नक समयमा विभिन्नव दलले विभिन्नल अंगमाथि प्रश्न उठाउने गरेका थिए। त्यो काम अहिले पनि दलहरुले जारी नै राखेका छन्।

अहिले सम्म नेपालमा दुई धारका राजनीतिक दलहरु सक्रिय रहेका छन्। एक खालका दलहरु आफुलाई प्रजातान्त्रि क धारमा उभ्याएका छन् , भने अर्को खालका दलहरु आफुलाई कम्यूनिष्टप धारमा उभ्याईएका छन्। मुख्य रुपमा नेपाली राजनीतिक दलहरु प्रजातान्त्रिहक र कम्यूनिष्टट गरी यिनै दुई विचारधारालाई अपनाएका छन्। विचार र दृष्टी कोण मिल्ने दलहरुबिच गठबन्धरन वा चुनावी तालमेल हुनुलाई स्वभाबिक नै मान्नुर पर्छ। यसलाई आम मतदाताले समेत रुचाउने र दलका कार्यकर्ताहरुले पनि पचाउने गरेका छन् । प्रजातान्त्रिक र कम्यूनिष्टसबिच चुनाबी तालमेल हुनुलाई कुनै हालतमा स्वभाबिक रुपमा लिन सकिदैन्। यो दलहरुमा आएको सैद्धान्तिक बिचला र चरम सत्तामोह बाहेक अरु केही हुन सक्दैन्। यसलाई आम मतदाताले समेत नरुचाएको र दलका कार्यकार्ताहरुले समेत पचाउन नसकेको यथार्थ नेपालका राजनीतिक दलहरुले देखि र भोगि सकेका छन् , तर पनि दलहरु सत्तामा पुग्नय जे गर्नु परे नि गर्न तयार रहेका छन्।

२०७४ सालको प्रतिनिधि र प्रदेश सभाको निर्वाचनमा कम्यूनिष्टा दलबिच चुनाबी तालमेल भयो। मतपरिणाम पनि कम्यूनिष्टदहरु कै पक्षमा आयो। चुनाबी तालमेल पछि पार्टी एकतामै परिणत भयो, तर नेताहरुको स्वार्थ बाँझिएका कारण एकताले विभाजनको भयानकरुप लिन कुनै बढी समय लागेन। यसले एमालेमा पनि विबाजन ल्यायो । नेकपामा छँदा एकै कित्तामा प्रचण्डी र माधव नेपालहरु उभिएका थिए। अहिले प्रचण्डो र नेपालले चुनाबी तालमेल गर्ने तयारी गर्नु भन्दाध दुईटैले काँग्रेको मुख ताकेर बसेका छन्। एमालेलाई कमजोर पार्न प्रचण्डा र नेपाल काँग्रेसलाई बलियो बनाउन तयार भएका छन् , उता ओली पनि माधव नेपालको स्तित्व नै स्विकार गर्ने र त्यसको लागि जे पनि गर्न तयार छन्। यसमा दलहरुको सिद्धान्त , विचार र दृष्टी्कोण भन्दा नेताहरुको ब्याक्तिगत टकरावले काम गरेको छ।

नेपाली राजनीतिक दलहरुमा गजबको आप्राकृतिक संस्कार रहेको पाईन्छी। कुनै पनि दल आफुलाई मतदान गर्नु पर्ने कारणहरु देखाएर जनतासँग मत मागेको त्यति सुनिदैन्।बरु अर्को दललाई मतदान गर्न नहुने कारणहरु देखाएर मत माग्ने गरेका छन्। यो संस्कार प्रायजसो सबै दलमा रहेको छ। दलका शिर्ष नेताहरुले नै भए नभएका दाबा पेश गर्ने र एकले अर्कोलाई सिद्धयाई दिने अभिब्यक्तिका साथ मत माग्नेत गरेका छन्। दलहरु चुनाब जित्नक असल ब्यक्तीको होईन सकेसम्म पैसा खर्च गर्न सक्ने ब्यक्तीलाई उम्मेदवार बनाउने गरेका छन्। दलहरुको रोजाईमा दलको सिद्धान्तन, विचार र दृष्टिबकोण प्रति निष्ठाउवाण ब्यक्ति भन्दाद साम, दाम, दण्डट र भेदको प्रयोग गर्न सक्ने ब्यक्ती पर्ने गर्छन्। हाम्रो मुलुकमा प्रजातान्त्रि क अभ्यासमा अभ्यिस्त दल र नेताहरु भए पनि प्रजातान्त्रिचक अभ्यासलाई सहजै स्विकार गर्न सकिरहेका छैनन्। सत्तामा पुग्न होस् की चुनाब जित्नद दलहरुले साम, दाम, दण्डल र भेद यीनै चार नीतिको प्रयोग गर्ने गरेका छन्। दलहरुका लागि सिद्धान्तत र विचार केवल एउटा लिखित दस्तावेज मात्र हो। दल र दलका नेताहरु विचार अनुसारको आचरण र जिवनशैली नअपनाए सम्म नेपाली राजनीतिमा राजनीतिक संस्कारको कमि रही रहनेछ। राजनीतिक संस्कार खै? भन्ने प्रश्नह नेपाली राजनीतिवृतमा उठि नै रहनेछ ।

# विल स्मिथले माफी मागे

**बीबीसी**

अभिनेता विल स्मिथले ओस्कर्स पुरस्कार वितरण समारोहमा आफूले प्रस्तोता क्रिश रकलाई थप्पड हानेको व्यवहार “अस्वीकार्य र अक्षम्य“ भएको भन्दै माफी मागेका छन् । उनले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, ‘क्रिश, म तिमीसँग सार्वजनिक रूपमा माफी माग्न चाहन्छु ।’‘ मैले सीमा नाघेर व्यवहार गरेँ र म गलत थिएँ ।’ओस्कर्स फिल्म एकेडेमीले स्मिथको भर्त्सना र घटनाबारे औपचारिक समीक्षाको घोषणा गरेपछि उनले माफी मागेका हुन् ।हास्य कलाकार क्रिशले आफ्नी श्रीमती जाडा पिङ्केट स्मिथको मुडुलो टाउकोमाथि ठट्टा गरेपछि चर्चित अभिनेता स्मिथले उनको गालामा थप्पड हानेका थिए ।



क्रिशले पिङ्केट स्मिथको कपाल झर्ने समस्या, एलोपेसियाको कारण मुडुलो बनाएको टाउकोप्रति लक्षित ठट्टा गरेका थिए। उनले भनेका थिए, “आई लभ यु जाडा। म जीआई जेन २ को प्रतीक्षामा छु ।“जीआई जेन सन् १९९७ को हलिवूड फिल्म हो जसकी प्रमुख नायिकाले शिर मुण्डन गरेकी थिइन् ।

घटनाको केही क्षणपछि अभिनेता स्मिथले किङ रिचर्ड नामक चलचित्रमा ख्यातिप्राप्त टेनिस खेलाडीहरू भिनस र सेरेना विलियम्सको बुबाको भूमिका निर्वाह गरेकोमा ओस्कर पुरस्कार जितेका थिए।“हिंसाको हरेक स्वरूप विषाक्त र विनाशकारी हुन्छ,“ स्मिथले इन्स्टाग्राममार्फत सार्वजनिक गरेको विज्ञप्तिमा लेखिएको छ। “गत राति एकेडेमी अवार्डमा मैले गरेको व्यवहार अस्वीकार्य र अक्षम्य छ। ममाथि हुने ठट्टाहरू मेरो कामको एउटा अंश हो तर जाडाको स्वास्थ्य अवस्थाप्रति गरिएको ठट्टा असह्य थियो र मैले भावनात्मक रूपमा प्रतिक्रिया जनाएँ।“स्मिथले रकसँग माफी माग्दै आफ्नो व्यवहारले “सीमा नाघेको“ बताए। उनले एकेडेमी र विलियम्स परिवारसँग पनि माफी मागेका छन्।

“मलाई पश्चात्ताप छ कि मेरो व्यवहारका कारण हामी सबैका लागि शानदार बनेको यात्रामा दाग लागेको छ,“ उनले लेखेका छन्।स्मिथको क्षमा याचना सार्वजनिक हुनुअघि संस्थाले विज्ञप्तिमार्फत स्मिथको “कार्यको निन्दा गर्ने“ उल्लेख गरेको थियो।

“हामीले आधिकारिक रूपमा घटनाबारे औपचारिक समीक्षा सुरु गरेका छौँ र हाम्रो नियम, आचरणको मानक र क्यालिफोर्नियाको कानुन अनुसार थप कार्य र नतिजाहरू के हुनसक्छ खोज्नेछौँ,“ लेखिएको छ। क्रिश रक स्वयंले दर्शकलाई सम्बोधन गर्दै उक्त घटना “टेलिभिजनको इतिहासको अविस्मरणीय रात भएको“ टिप्पणी गरेका थिए। लस एन्जलस प्रहरी विभागले भेराइटी म्यागजिनलाई रकले घटनाबारे “प्रहरीमा उजुरी दिन अस्वीकार“ गरेको बताएको थियो ।

लस एन्जलसस्थित मनोरञ्जन संवाददाता स्टिभन म्याकन्टसले विल स्मिथको बयान अत्यन्त सावधानीपूर्वक लेखिएको जनाएका छन्। उनी आफ्नो भाषाबारे निकै होसियार रहेर कुनै बहाना नबनाई आफ्नो प्रतिक्रियाबारे प्रस्ट्याएका छन् । तर, उनको क्षमा याचनाले घटनाक्रमको अन्त्य नहुने म्याकन्टसले जनाएका छन्। उनका अनुसार रकले सार्वजनिक रूपमै प्रतिक्रिया जनाउनु पर्नेछ । केहीले उनको ओस्कर अवार्ड खारेज हुन सक्ने बताए पनि अब त्यसो गर्न सम्भव नभएको उल्लेख गरिएको छ। उनको एकेडेमी सदस्यता निलम्बन हुनेजस्ता प्रतिबन्ध लाग्न सक्थ्यो। तर, उनको याचनापछि त्यो सम्भावना पनि कम छ ।

# मोबाइल, कम्प्युटरले आखाँमा पार्ने असर

आजकल प्रविधिको युगमा कोहीपनि योबाट पर बस्न सक्दैन । चाहे त्यो बालबालिका होस्, युवा होस् वा बृद्धबृद्धा । एक किसिमले भन्नु पर्दा प्रविधि बिना जीवन असम्भव नै छ । यस्तैमध्ये हरेक दिन मैले ओपिडीमा सामना गर्ने प्रश्नहरुमा पहिलो नम्बरमा आउने गर्छ - ‘‘विद्युतीय उपकरणहरु (मोबाइल, ल्याबटप, ट्र्याब लगायत) का स्क्रीनको अत्याधिक प्रयोगले बालबालिकाका आँखामा के कस्ता असरहरु पर्छन र यसलाई रोकथाम गर्ने उपायहरु के-के हुन ?’’

**१. कम्प्युटर भिजन सिन्ड्रोम**

हाम्रो आँखाले प्राकृतिक रुपमा आँखा झिमझिम गर्ने प्रकृयामा लामो समय सम्म एकनासले विद्युतीय उपकरणहरु (मोबाइल, ल्याबटप, ट्र्याब) हेर्दा ह्रास आउँछ। त्यसले गर्दा आँखामा थकान हुने, आँखा सुख्खा हुने, एउटा चीज/बस्तुलाई हेर्दा दुई वटा देखिने, टाउको दुख्ने, रिंगटा लाग्ने हुन्छ, जसलाई हामीले कम्प्युटर भिजन सिन्ड्रोम भन्छौं ।

**२. आँखाको मांशपेसीको लचकता तथा दृष्टिमा ह्रास आउनु**

अत्याधिक विद्युतीय उपकरणहरु (मोबाइल, ल्याबटप, ट्र्याब) को प्रयोगले बच्चाहरुको दुरदृष्टिमा समस्या हुन सक्छ। हाम्रो आँखाले नजिक हेर्दा कालो नानी भित्रतिर जाने र टाढा हेर्दा यो सामान्य सिधा अवस्थामामा आउनु पर्छ। अत्याधिक स्क्रीन हेर्दा कालो नानी टाढा जाने प्रकृयामा ढिला हुन जाने र डेढोपना समेत देखिन सक्छ। यो समस्या छोटो अवधिको हुन्छ र स्क्रीन समय कम गर्दा फेरि सामान्य अवस्थामा आउन सक्छ।

**३. टाढा नदेख्ने समस्या**

अत्याधिक विद्युतीय उपकरणहरु (मोबाइल, ल्याबटप, ट्र्याब) को प्रयोगले बच्चाहरुमा टाढा नदेख्ने समस्या पनि हुने सर्वेक्षणहरुले देखाएको छ। कोरोना महामारीको बेलामा झण्डै एक डेढ वर्ष अनलाईन कक्षा हुनु र यस्ता खालका बालबालिकाको अत्याधिक चाप आँखा अस्पतालहरुमा हुनुले पनि यस कुराको थप पुष्टि गर्छ। त्यसैले बच्चाहरुलाई घरबाट बाहिर निस्केर खेल्ने खेलहरुमा प्रोत्साहित गर्ने अभिभावकहरुको जिम्मेवारी हुन्छ।

**अब हामीले हाम्रो बालबालिकालाई यस्ता समस्याबाट कसरी जोगाउने त ?**

कम्प्युटर त आजको दुनियाँमा अपरिहार्य बस्तु नै बनिसकेको छ। सम्पूर्ण शिक्षा प्रणाली नै कम्प्युटराईज्डड भई राखेको अवस्थामा यसमा रोक लगाएर हामीले हाम्रो बालबालिकाको व्यक्तित्व विकासमा रोक त लगाई राखेको छैनौं? आउनु होस अब हामी स्क्रीनलाई सावधानी पूर्ण कसरी प्रयोग गर्न सकिन्छ त्यसको बारेमा चर्चा गर्छौं ।

**नियमः २०-२०-२०-२**

यसमा विद्युतीय उपकरण प्रयोगकर्ताहरुले प्रत्येक २० मिनेट स्क्रीन हेरिसकेपछि २० फिट परको बस्तु २० सेकेण्ड सम्म हेर्ने र २० पटक आँखा झिमझिम गर्ने (यो नियम ठूलो मान्छेमा पनि लागु हुन्छ।) यसो गर्नाले आँखालाई सामान्य अवस्थामा आउन मद्दत गर्छ ।

**नियम : २ घण्टा दिनको घर बाहिर खेल्न प्रोत्साहन गर्ने ।**

**स्क्रीनको आकार र दुरी**

जति सानो विद्युतीय उपकरण (मोबाइल, ट्र्याबलेट, ल्याबटप) को स्क्रीन भयो त्यति नै यसमा आँखा केन्द्रित गर्न गाह्रो हुन्छ । बालवालिकालाई मोबाइल, ट्र्याबलेट भन्दा ल्याबटप, कम्प्युटरमा काम गर्न दिने । कति दुरीमा स्क्रीन राख्ने त भन्दा यसमा पनि १(२( १० नियम प्रयोग हुन्छ । **जस्तैः**

मोबाइल, ट्र्याब्लेट १ फुट भन्दा टाढा राख्ने ।
ल्याबटप, कम्प्युटर २ फुटभन्दा टाढा राख्ने ।
टेलिभिजन - १० फुटभन्दा टाढा राख्ने ।
यस बाहेक स्क्रीनको उज्याला/चमक कम गर्ने र ब्लु फिल्टर प्रयोग गर्न पनि सकिन्छ ।

**३. कति समयसम्म बालबालिकाहरुलाई स्क्रीन हेर्न दिने ?**

अमेरिकन एकेडेमी अफ पिडियाट्रिक अप्थालमोलोजीले दिएको सुझाव अनुसार

१. १८ महिना भन्दा मुनिका बालबालिकाललाई नदिने ।
२. १८ महिनादेखि माथि र २ वर्ष मुनिका बालबालिकालाई आफ्ना अभिभावक र आफन्तजनसंग भिडियो गफ गर्न सकिनेछ ।
३. २ वर्ष देखि माथि र ५ वर्ष सम्मका बालबालिकाहरुलाई अभिभावकहरुले १ घण्टा भन्दा बढी मोबाइल, ट्र्याबलेट प्रयोग गर्न नदिने ।
४. ५ वर्ष भन्दा माथिका उमेर समूहकाले स्कुलको काम बाहेक २ घण्टा भन्दा बढी मोबाइल, ट्र्याबलेट, ल्याबटप प्रयोग नगर्ने ।

**सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन दिएको सुझाव अनुसार**

८ वर्ष देखि १० वर्ष सम्म - ६ घण्टा/प्रति दिन
११ वर्ष देखि १४ वर्ष सम्म- ९ घण्टा/प्रति दिन
१५ वर्ष देखि १८ वर्ष सम्म-७ घण्टा/प्रति दिन

**अभिभावकको दायित्व**

१. प्रत्येक बच्चाको स्कुल जाने उमेरमा अनिवार्य रुपमा आँखा जाँच गर्ने ।
२. अत्याधिक स्क्रीन प्रयोगले माथि भने जस्तै समस्याहरु हुने हुनाले आफ्ना बालबालिकालाई घरबाट बाहिर खेल्ने खेलहरु खेल्न प्रोत्साहन गर्ने ।
३. गृहकार्य गराउँदा अभिभावकहरु आफैं मोबाइल फोनमा व्यस्त नहुने ।
४. धेरै भन्दा धेरै समय आफ्ना बालबालिकासंग बिताउने, ता कि उनीहरुलाई विद्युतीय उपकरणहरु (मोबाइल, ट्र्याबलेट, ल्याबटप) स्क्रीनको जरुरत कम परोस् ।



**डा सुजाता भण्डारी**

**-बाल नेत्र विशेषज्ञ डा सुजाता भण्डारी गेटा आँखा अस्पताल कैलालीमा कार्यरत छिन् ।**

# जनताको आवश्यकता सम्बोधननै लोकतन्त्रको संस्थागत : राष्ट्रपति

काभ्रेपलाञ्चोक । राष्ट्रपति विद्यादेवी भण्डारीले जनताका दैनिक आवश्यकता प्रत्यक्ष सम्बोधन हुनु नै लोकतन्त्र संस्थागत गर्ने सबैभन्दा ठूलो माध्यम भएको बताउनुभएको छ ।

उहाँले काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-५ कानपुरका पुनःनिर्माण गरिएको प्राचीन कालिका मन्दिरको आज उद्घाटन गर्दै नेपाली जनताको ठूलो त्याग र बलिदानको फलस्वरूप निर्माण भएको वर्तमान संविधानले जनतालाई प्रदान गरिने सेवा र सुविधामा सहज पहुँचको माध्यमबाट आर्थिक-सामाजिकरूपान्तरण हासिल गर्न स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको बताउनुभयो । “संविधानको यस भावनालाई आत्मसात गरी प्रत्येक जनप्रतिनिधिले आफूलाई सदैव जनताको सेवामा समर्पित गर्नुपर्दछ’, उहाँले भन्नुभयो ।



भण्डारीले स्थानीय तहमा भौतिक निर्माण र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दा प्रकृतिको संरक्षण गरी वातावरण जोगाउने कार्यलाई विशेष महत्व दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “हरियाली प्रवर्द्धधन गर्ने, पानीका मूल बचाउने एवं जैवीक विविधताको रक्षागर्ने कार्यबाट मात्र हामीले यस सुन्दर धर्तीलाई भावी पुस्तासमेतका लागि सुरक्षित बनाउन सक्दछौँ ।’

उहाँले स्थानीय तहका प्रतिनिधिका साथै सम्बद्ध सबै पक्षमा विकाससम्बन्धी नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्दा वातावरण संरक्षणको विषयलाई उच्च प्राथमिकतामा राख्ने सुदृढ संकल्पका लागि विशेष आह्वान गर्नुभयो ।

भण्डारीले जनप्रतिनिधिले नागरिकलाई शिक्षा, स्वास्थ्य, शुद्ध पिउने पानी एवं सरसफाईजस्ता आधारभूत सेवा सरल र रहजरूपमा उपलब्ध गराउने विषय सबैको गम्भीर सरोकारको विषय बन्नुपर्ने बताउनुभयो ।

उहाँले भूकम्पले भत्काएका सम्पदा अझ बलियो र स्थायीरूपमा पुनर्निर्माण हुँदा ऐतिहासिक धरोहरको संरक्षण गर्ने राष्ट्रिय आत्मविश्वास अझ बलियो भएको दाहोऱ्याउनुभयो । उहाँले भन्नुभयो, “विश्व शान्तिका प्रवर्तक भगवान् बुद्धको नामबाट सुशोभित तथा सांस्कृतिक तथा पुरातात्विक सम्पदाले सम्पन्न नमोबुद्ध नगरमा पुनर्निर्मित ऐतिहासिक कालिका मन्दिरले आफ्नो सांस्कृतिक तथा ऐतिहासिक गौरव कायम राखेकोमा खुसी भएको छु ।’

भण्डारीले नगरले आफ्नो क्षेत्रमा गुणस्तरीय शिक्षा, सामुदायिक विद्यालयका बालबालिकाका लागि दिवा खाजा, पर्यटन तथा कृषि क्षेत्रको उन्नयनमा निरन्तर काम गरेको चर्चा गर्नुभयो । “विश्व सम्पदा सूचीमा सामेल हुन आवश्यक पूर्वाधारको निर्माणमा तपाईंको प्रयास फलदायी हुने मैले अपेक्षा लिएको छु’, उहाँले भन्नुभयो । उहाँले मन्दिर उद्घाटनपश्चात उक्त मन्दिरमा पूर्जा अर्चना गर्नुभएको थियो ।

सो अवसरमा नगरप्रमुख टङ्कप्रसाद शर्मा तिमल्सिनाले २०७२ सालको विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त उक्त मन्दिर पुरातत्व विभागको रु एक करोड ४० लाख, राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको रु ६० लाख तथा नमोबुद्ध नगरको रु चार लाख गरी रु दुई करोड चार लाखमा निर्माण सम्पन्न भएको जानकारी दिनुभयो ।रासस

पाँचौं बिम्स्टेक शिखर सम्मेलन

# क्षेत्रीय सहयोग प्रवर्द्धनमा प्रधानमन्त्री देउवाको जोड

काठमाण्डु । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) को प्रक्रियामा रचनात्मक योगदान गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै नेपालले बिम्स्टेक क्षेत्रको लचिलो, समृद्ध र दिगो विकास क्षेत्रीय सहयोग प्रवर्द्धनबाट हुनेमा जोड दिएको छ ।

श्रीलङ्काको कोलम्बोमा जारी बिम्स्टेकको पाँचौं शिखर सम्मेलनलाई बुधवार श्रव्यदृश्यका माध्यमबाट काठमाडौँबाट सम्बोधन गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाले साढे दुई दशकको यात्रा पार गर्ने तरखरमा रहेको क्षेत्रीय सङ्गठन बिम्स्टेकलाई गतिशील एवं यस क्षेत्रका जनताको जीवनस्तर उठाउने क्षेत्रीय आकाङ्क्षालाई साकार तुल्याउन अन्तर्राष्ट्रिय संस्थाहरूसँग सुदृढ साझेदारी प्रवर्द्धन गर्नु अपरिहार्य भएको बताउनुभयो ।

साथै उहाँले सदस्य राष्ट्रको स्रोतको सदुपयोग गरी सङ्गठनलाई नवजीवन दिनुपर्ने बताउनुभयो।प्रधानमन्त्रीलेकोभिड-१९ महामारीका कारण आर्थिक, सामाजिक एवं विकासका क्षेत्रमा परेका प्रभाव घटाउन तथा बिम्स्टेक क्षेत्रको पुनःस्थापना सुनिश्चित गर्न बिमस्टेकले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा पनि जोड दिनुभयो ।




वर्तमान विश्वले जलवायु परिवर्तनलगायत विविध चुनौतीको सामना गरिरहेको, ती चुनौतीको प्रकृति जटिल रहेका बेला कोभिड-१९ को महामारीले निम्त्याएको सङ्कट, सञ्चार तथा सूचना प्रविधिको चरम विकासबाट अथाह लाभ हासिल गर्ने एकथरि र चरम गरिबीको रेखामुनि रहेका वर्गको उत्थानमा त्यसको उपयोग हुन नसक्दा गहिरिएको धनी र गरिबबीचको खाडल पुर्न सदस्य राष्ट्रबीच सहकार्य र साझेदारी आवश्यक भएको प्रधानमन्त्रीले बताउनुभयो ।

विगत दुई वर्षदेखि बिम्स्टेक क्षेत्र पनि महामारीविरुद्धको महालडाइँ लडिरहेको, लाखौंको मृत्यु भएको, धेरै जनता गरिबीमा परेका तथा संरचनात्मक कमजोरीहरू अझ बढिरहेको यथार्थ चित्रण गर्दै उहाँले महामारीको प्रभाव विस्तारै कम हुँदै गएको देखिए पनि त्यो समाप्त नभएकाले यसले आर्थिक र विकासलाई शिथिल बनाउने बताउनुभयो । “खोपको असमानताले उत्थानशील पुनरुत्थानमा अवरोध सृजना भएको छ,” प्रधानमन्त्रीले भन्नुभयो ।

क्षेत्रीय सहयोगको भावना, एकता, सहयोग र सहकार्य, ऐक्यबद्धताको प्रतिज्ञा गर्ने मञ्च बिम्स्टेक शिखर सम्मेलनको उच्च महत्व रहेको बताउँदै उहाँले ब्याङ्कक घोषणामा उल्लिखित शान्ति, प्रगति र समृद्धिको साझा लक्ष्यप्रतिको प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

सडक, रेलमार्ग, हवाई मार्ग र जलमार्ग विस्तारबाट हाम्रा देश, समाज र बजारको एकीकरण, यातायात सञ्जाल, ऊर्जा, र ‘पावर ग्रिड’ अन्तरसम्बन्धमा लगानी गर्न आह्वान गर्दै प्रधानमन्त्रीले बिम्स्टेक भित्रको अन्तरक्षेत्रीय व्यापार र लगानीको मात्रा वृद्धि, नवप्रवर्तन, उद्यमशीलतको विकास, वस्तु र सेवाको व्यापार, लगानी प्रवर्द्धन , भन्सार मामिलामा पारस्परिक सहयोग आवश्यक भएको प्रधानमन्त्री देउवाले उल्लेख गर्नुभयो ।

शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी जोड्ने बुद्ध परिपथलाई शीघ्र सञ्चालनका निम्ति आह्वान गर्दै प्रधानमन्त्री देउवाले बुद्ध धर्म बिम्स्टेक क्षेत्रलाई जोड्ने बलियो धागो हो भन्नुभयो ।

‘स्वस्थ्य जनता,उत्थानशील क्षेत्र, समृद्ध अर्थतन्त्रतर्फ बिम्स्टेक’ आदर्श वाक्ययुक्त पाँचौं शिखर सम्मेलनलाई प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापाक्ष, जनवादी गणतन्त्र बङ्गलादेशका प्रधानमन्त्री शेख हसिना, भूटान अधिराज्यका प्रधानमन्त्री लोटे छिरिङ, गणतन्त्र भारतकाका प्रधानमन्त्री नरेन्द्र मोदी, थाइल्याण्ड अधिराज्यका प्रधानमन्त्री, प्रयुत चान-ओ-चा बिमस्टेकका महासचिव तेन्जिन लेकफेलले सम्बोधन गर्नुभएको थियो ।

विगत साढे तीन वर्षदेखि बिमस्टेक प्रक्रियाको सफल नेतृत्वका लागि श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापाक्षलाई उहाँका सक्रिय नेतृत्व, प्रतिबद्धता र समर्पण, श्रीलङ्का सरकार, सदस्य राष्ट्रका विदेशमन्त्री, महासचिवलगायत शिखर सम्मेलन आयोजनामा संलग्न सबै पदाधिकारीप्रति प्रधानमन्त्री देउवाले हार्दिक आभार व्यक्त गर्नुभयो ।रासस

# नेपाली जनताको जीविकोपार्जन नै बिजुली हुन्छ : अध्यक्ष दाहाल

चितवन । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपाली जनताको जीविकोपार्जन नै बिजुली हुने बताउनुभएको अथाहा ऊर्जा उत्पादन, यसको बजारीकरण र विश्वबजारमा बिजुली बेचेर आर्थिक क्रान्ति गर्दै समृद्धिको यात्रा तय गर्नुपर्ने दाहालको भनाइ छ ।



राप्ती नगरपालिकामा निर्माण भएको १३२/३३/११ केभी हर्दी विद्युत् सवस्टेसनको बुधवार उद्घाटन गर्दै उहाँले ऊर्जा उत्पादनको क्षेत्रले क्रान्तिकारी छलाङ मारिरहेको बताउनुभयो ।

माओवादी केन्द्रकै नेतृत्वमा नेपाल लोडसेडिङको कहाँलिलाग्दो अवस्थाबाट मुक्त भएको जिकिर गर्दै उहाँले यसलाई सरकारले ऊर्जाखानीका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

चितवनमा अबको ५० वर्षलाई धान्नेगरी ठूला-ठूला भौतिक पूर्वाधारका योजना बनाउन नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई उहाँले आग्रह गर्नुभयो । सो अवसरमा प्रचण्डले चितवन, मकवानपुर र नवलपुरलाई एकीकृत गरी विकास प्राधिकरण निर्माण गरेर यस क्षेत्रको बृहत्तर विकास गर्ने योजनाका साथ आफू अगाडि बढिरहेको बताउनुभयो । विकासमा सबैको समान चिन्ता र चासो हुनुपर्ने उल्लेख गर्दै उहाँले सबैको सामूहिक प्रयासले मात्र उपलब्धि हासिल हुने बताउनुभयो ।

कार्यक्रममा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुषालले २६ हजार न्यून विद्युत् खपत गर्ने उपभोक्तालाई सरकारले निःशुल्क बिजुली उपलब्ध गराएको जानकारी दिनुभयो । कृषि प्रयोजनका लागि खपत हुने विद्युत् मा ५० प्रतिशत छुट दिने काम पनि आफैले गरेको भन्दै उहाँले विद्युत् महसुल कसरी घटाउन सकिन्छ भन्नेमा मन्त्रालयले प्रयत्न गरिरहेको बताउनुभयो ।

पेट्रोलियम पदार्थको खपत घटाएर विद्युतीय सामग्री तथा विद्युतीय सवारी साधनमा आकर्षण बढाउन सरकारले काम गरिरहेको मन्त्री भुषालको भनाइ छ । कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक तथा कार्यक्रमका अध्यक्ष घिसिङले नेपाल विद्युत् प्राधिकरणले ५० वर्षे कार्ययोजना बनाइ काम अगाडि बढाएको जनाउँदै पूर्वाधार निर्माणमा सबैले सहयोग गर्न आग्रह गर्नुभयो ।रासस

## पूर्वप्रधानमन्त्री ओली र खनालसँग एनआरएनए प्रतिनिधिमण्डलको भेट

काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का नवनिर्वाचित प्रतिनिधिमण्डलले बुधवार पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेकपा (एकीकृत समाजवादी)का वरिष्ठ नेता झलनाथ खनालसँग अलगअलग भेटघाट गरी हालै सम्पन्न दसौं विश्व सम्मेलनमा उठेका विभिन्न सवालका बारेमा जानकारी गराएको छ ।

एनआरएनएका अध्यक्ष कुल आचार्यको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सम्मेलनमा उठेका सवालको उहाँहरूसँग सहकार्य र समन्वय गरिदिन आग्रह गरेको छ ।

अध्यक्षद्वयलाई बुझाइएको पत्रमा संसद्मा विचाराधीन गैरआवासीय नेपाली नागरिकतासम्बन्धी विधेयक पारित गर्न आग्रह गर्नाका साथै १०० कोठाको अत्याधुनिक सुविधासम्पन्न वृद्धाश्रम निर्माणका लागि नेपाल सरकारसँग जग्गा उपलब्ध गराउन, गैरआवासीय नेपालीले नेपालमा गर्न लागेको रु १० अर्बको सामूहिक लगानी कोषको कानुनी बाधा-अड्चन फुकाउनका लागि सहजीकरण, वैदेशिक रोजगार सामाजिक सुरक्षा कार्यक्रम ल्याउन पहल गर्न र वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण सटहीमा प्रतिअमेरिकन दुई डलर सङ्घको वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा हुने गरी पहल गर्न सहजीकरणका लागि अनुरोध गरिएको छ ।

एमाले अध्यक्ष ओलीसँगको भेटपछि उहाँले गैरआवासीय नेपाली समुदायले पछिल्लो समय नेपालमा कोभिडका बेलामा गरेको सहयोगको प्रशंसा गर्नाका साथै एनआरएनएका सुझावको कार्यान्वयनमा आफूले सहयोग र समन्वय गर्ने बताउनुभयो ।

यस्तै एकीकृत समाजवादीका वरिष्ठ नेता खनालले पनि प्रतिनिधिमण्डलले अगाडि सारेका सवाल उपयुक्त रहेकाले तिनको कार्यान्वयन गर्न आफू सकारात्मक रहेको बताउनुभयो ।

यसैबीच एनआरएनएको प्रतिनिधिमण्डलले बुधवारै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूसँग पनि भेट गरी संस्थाका मागका बारेमा अवगत गराएको थियो । अलग-अलग रूपमा भएका ती भेटमा ती पार्टीका शीर्ष नेताका साथै एनआरएनएको महाधिवेशनबाट निर्वाचित अध्यक्ष रबिना थापा र डा बद्री केसीलगायत अन्य पदाधिकारी पनि सहभागी हुनुहुन्थ्यो । भेटका क्रममा नवनिर्वाचित कार्यसमितिलाई सम्मान, बधाई तथा शुभकामना दिइएको थियो ।रासस

# गठबन्धन गरी निर्वाचनमा जानुपर्छः नेत्री कोइराला

मोरङ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुजाता कोइरालाले सरकारमा सहभागी दलहरूबीच गठबन्धन गरी निर्वाचनमा जानुपर्ने बताउनुभएको छ ।

गिरिजाप्रसाद कोइराला फाउण्डेशन मोरङद्धारा बुधवार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले लोकतन्त्रको संरक्षण र राजनीतिक स्थिरताका लागि सत्तामा सहभागी दलबीच गठबन्धन कायम गरी जानुपर्ने आवश्यक्ता रहेको बताउनुभएको हो ।




पूर्वउपप्रधानमन्त्रीसमेतरहनुभएकी नेत्री कोइरालाले गठबन्धनका कारण दुई पटक विघटन गरिएको संसद् पुनःस्थापना र नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन भएकाले हामीहरू स्वार्थी हुनुहुँदैन भन्दै पार्टीको केन्द्रीय कार्य समितिको निर्णय सबै नेता तथा कार्यकर्ताले अनुशरण गरी अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

नेत्री कोइरालाले पार्टीलाई पुनः सत्तामा जानका लागि गठबन्धन आवश्यक भएको चर्चा गर्दै गठबन्धन सरकारबाट नै लोकतन्त्रको संस्थागत विकास, रोजगारी अभिवृद्धि र सामाजिक रुपान्तरण हुने बताउनुभयो । एक प्रश्नको जवाफमा उहाँले पार्टीको १४ औं महाअधिवेशनमा डा शेखर कोइरालालाई सभापतिमा हराउन आफ्नो कुनै भूमिका नरहेको स्पष्ट पार्नुभयो । नेत्री कोइरालाले आगामी संसदीय निर्वाचनमा मोरङ क्षेत्र नं २ बाट प्रत्यक्षतर्फ आफू उम्मेदवार हुने घोषणा गर्नुभयो ।रासस

## ‘आगामी निर्वाचनमा गुणात्मक सफलता हासिल गर्छौं’

रुपन्देही । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णु पौडेलले विकासको नेतृत्व गरेका कारण आगामी निर्वाचनमा गुणात्मक सफलता हासिल गर्ने दाबी गर्नुभएको छ ।

अन्य राजनीतिक दलबीचको गठबन्धनले कुनै असर नपार्ने भन्दै उहाँले आगामी वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा पार्टीले ६० प्रतिशत जित हासिल गर्ने जिकिर गर्नुभयो ।

प्रेस चौतारी रुपन्देहीले आज रुपन्देहीको तिलोत्तमामा आयोजना गरेको सम्मान कार्यक्रममा नेता पौडेलले अहिले पनि राष्ट्रिय राजनीतिको नेता एमाले नै भएको दाबी गर्नुभयो ।

पौडेलले समृद्धि, विकास र सामाजिक न्यायका लागि एमालेको स्पष्ट दृष्टिकोण रहेको बताउँदै पार्टी नेतृत्वको सरकारले गरेका राम्रा कामलाई आमसञ्चार माध्यममार्फत जनतामा ल्याउन सञ्चारकर्मीलाई आग्रह गर्नुभयो । रासस

# एमाले सरकारका उपलब्धिलाई जनतामा लान अध्यक्ष ओलीको निर्देशन

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफूले विगतमा सरकारको नेतृत्व गर्दा भएका उल्लेखनीय उपलब्धिलाई जनतामाझ लिएर जान निर्देशन दिनुभएको छ ।

आशन्न स्थानीय तहको निर्वाचनको प्रतिबद्धता-पत्र तयारीसम्बन्धी कार्यशालालाई बुधवार भर्चुअलरुपमा सम्बोधन गर्दै अध्यक्ष ओलीले एमालेविरुद्ध सत्ता गठबन्धन एक भएर अघि आए पनि कुनै फरक नपर्ने गरी काम गर्न पनि आग्रह गर्नुभयो ।

पार्टीका देशभरकै स्थानीय तह हेर्ने नेतृत्वलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले भन्नुभयो, “गठबन्धन उहाँहरूको छनोट होइन, बाध्यता हो । तर, यसले हामीलाई फरक पार्दैन । दिनदिनै हजारौं मानिसले एमालेमा प्रवेश गरिरहनुभएको छ । हाम्रो विजय सुनिनिश्तित छ ।’




एमालेका उपाध्यक्ष एवं घोषणापत्र मस्यौदा समितिका संयोजक ईश्वर पोखरेलले प्रतिबद्धतापत्रका सैद्धान्तिक पक्षमाथि प्रकाश पार्दै जनताका बीचमा पुग्न आग्रह गर्नुभयो । भर्चुअल बैठकमा पार्टीका स्थायी कमिटीका सदस्य, प्रदेश कमिटीका सदस्य, जिल्ला कमिटीका पदाधिकारी, पार्टीका तर्फबाट गत निर्वाचनमा स्थानीय तहमा निर्वाचित पालिकाका प्रमुख सहभागी हुनुहुन्छ ।

# पत्रकारको निःशुल्क उपचारको व्यवस्था कार्यान्वयन गर्छु : मन्त्री खतिवडा

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले सरकारी स्वास्थ्य संस्थामा पत्रकारलाई निःशुल्क उपचार गर्ने व्यवस्थाको व्यवहारिकरुपमै कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

नेपाल पत्रकार महासङ्घको ६७औं स्थापना दिवसका अवसरमा यहाँ बुधवार आयोजित कार्यक्रममा उहाँले महासङ्घको सदस्य रहेका पत्रकारलाई ‘उपचार सुविधा परिचयपत्र’ का आधारमा देशभित्रका सबै सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउने विषयलाई कार्यान्वयन गर्ने बताउनुभयो ।

सरकारले आर्थिक वर्ष २०७८-७९ को बजेट प्रस्तुत गर्दा श्रमजीवी पत्रकारका लागि रु सात लाखसम्मको दुर्घटना बीमा गरी प्रिमियमको ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने व्यवस्था मिलाइने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “यो आर्थिक वर्ष समाप्त हुन लागिसक्दा पनि यो विषय कार्यान्वयन हुन नसकेकामा म चिन्तित छु, विषयगत रूपमा सञ्चार मन्त्रालयअन्तर्गतको कार्यक्रम भए पनि यो कार्यान्वयनको सवाल मेरो मन्त्रालयसँग जोडिएको विषय हो, म मेरै कार्यकालमा यो विषय कार्यान्वयको सुरुआत होस् भन्ने चाहन्छु ।”

मन्त्री खतिवडाले मातहतका कर्मचारीलाई पत्रकारको स्वास्थ्य उपचारको विषय कार्यान्वयनमा ल्याउनका लागि आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिइसकेको जनाउँदै नीति र निर्णयगत सहजीकरण तत्कालै गरी सबै अस्पतालमा सो निर्देशन पठाइदिने र पत्रकारको सरकारी अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था कार्यान्वयनमा ल्याइने बताउनुभयो । रासस

# नेपालका लागि अमेरिकाको राजदूतमा थम्सन प्रस्तावित

वाशिङटन डिसी । अमेरिकाका राष्ट्रपति जोसेफ वाइडेनले नेपालका लागि राजदूतमा डिन आर थम्सनलाई प्रस्ताव गर्नुभएको छ । ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा नेपालका लागि राजदूतमा थम्सनलाई नियुक्त गर्न राष्ट्रपतिले प्रस्ताव गर्नुभएको उल्लेख गरिएको छ ।

लामो समय परराष्ट्र सेवामा कार्यरत थम्सनले सन् २०२१ को सेप्टेम्बर १५ देखि अमेरिकाको परराष्ट्र सेवामा दक्षिण तथा मध्य एसियाका लागि मुख्य सहायकमन्त्रीको भूमिकामा कार्यरत रहनुभएको छ । उहाँको नियुक्तिलाई सिनेटले अनुमोदन गरेपछि नेपालका लागि राजदूत नियुक्त हुने व्यवस्था रहेको छ ।

परराष्ट्र सेवामा लामो समय काम गर्नुभएका थम्सनको राजदूतको भूमिकामा नियुक्त हुनुभएको पहिलोपटक हो । यस अगाडि उहाँसँग मलेसियाको राजधानी क्वालालम्पुरमा चिफ अफ मिशन भएर काम गरेको अनुभव रहेको छ ।

यसअघि रोमानियाका लागि उपनियोग प्रमुख भएर काम गर्नुभएका थम्सनले विभिन्न पदमा रहेर भारत, श्रीलङ्कालगायत देशमा पनि बस्नुभएको स्टेट डिपार्टमेन्टमा रहेको उहाँको व्यक्तिगत विवरणमा उल्लेख गरिएको छ ।

अमेरिकी विदेशमन्त्रीहरूलाई सिधा सहयोग, चौबिसै घण्टा खुला हुने अपरेशन सेन्टर लगायतका विभिन्न इकाइमा बसेर देश सेवा गर्नुभएका थम्सनले परराष्ट्र सेवाभन्दा अघि रक्षा मन्त्रालय मातहत रहेर काम गर्नुभएको अनुभवसमेत रहेको छ । रासस

रुस-युक्रेन युद्ध

# शान्तिको वाचापछि पनि रुसले आक्रमण जारी राखेको युक्रेनी दाबी

**बीबीसी**

युक्रेन । युक्रेनको चेर्नीहिभ क्षेत्रका गभर्नरले उक्त क्षेत्रमा सैन्य गतिविधि घटाउने वाचाविपरीत रुसी आक्रमणमा कमी नआएको बताएका छन् । गभर्नर भिचास्लाभ चाउसले टेलिग्राम म्यासेजिङ एपमा रुसले आफ्नो वाचा पूरा नगरेको भन्दै निन्दा गरेका छन् ।

"हामी त्यसमा विश्वास गर्छौं? पक्कै पनि गर्दैनौं," उनले भनेका छन्। गभर्नरका अनुसार रुसले चेर्नीहिभ क्षेत्रमा "रातभर" बम आक्रमण गरेको थियो । टर्कीमा भएको शान्ति वार्तापछि रुसले मङ्गलवार उत्तरी युक्रेनको किएभ र चेर्नीहिभ क्षेत्रहरूमा आफ्नो सैनिक गतिविधिलाई "ठूलो मात्रामा" कटौती गर्ने बताएको थियो ।

रुसका उपरक्षामन्त्रीले एलेक्जेन्डर फोमिङले "आपसी विश्वास बढाउनका लागि" सैन्य गतिविधि धेरै मात्रामा कटौती गर्न लागिएको बताएका थिए। मस्को र किएभका प्रतिनिधिहरूले टर्कीको इस्तानबुलमा तीन घण्टा लामो वार्ता गरेका थिए। उक्त वार्तालाई फेब्रुअरी २४ मा आरम्भ भएको युक्रेनविरुद्ध रुसी अतिक्रमणयता भएका शान्ति वार्तामा प्रगतिको पहिलो सङ्केतका रूपमा लिइएको छ। युक्रेनले रुसका सामु प्रस्तुत गरेका विकल्पहरूमा युक्रेनले सुरक्षाको प्रत्याभूतिका बदलामा तटस्थ भूमिका अपनाउने कुरा प्रस्ताव गरेका थिए ।

रुस आक्रमणको एउटा प्रमुख उद्देश्य युक्रेनलाई नेटो गठबन्धनमा सदस्य हुनबाट रोक्नु रहेको ठानिएको छ। रुसी अधिकारीहरूले वार्ता व्यवहारिक चरणमा प्रवेश गरेको प्रतिक्रिया दिएका छन्। युक्रेनले आफ्नो फौजको उपस्थिति घटाउने रुसी प्रतिबद्धतालाई संशयका साथ हेरेका थिए। "युक्रेनीहरू कच्चा मानिसहरू होइनन्," राष्ट्रपति भोलोदिमिर जेलेन्सकीले भिडिओ सन्देशमा भनेका छन्। जेलेन्सकीले वार्ताका प्रारम्भिक सङ्केतहरू सकारात्मक भएको बताएका छन्। तर रुसी गोलाबारी



नरोकिएको उनले बताए ।

अरू पश्चिमा देशहरूले पनि रुसी प्रतिविद्धतालाई संशयका साथ हेरेका छन्। अमेरिकी राष्ट्रपति जो बाइडनले उनीहरूको व्यवहार हेरेर मात्रै मूल्याङ्कन गर्ने बताएका छन्। यूके, फ्रान्स, जर्मनी र इटलीका नेताहरूले रुसविरुद्ध तैनाथ आफ्ना सुरक्षाकर्मीहरूलाई तत्कालै फिर्ता नबोलाउन पश्चिमा राष्ट्रहरूलाई आग्रह गरेका छन्। गभर्नर चाउसले टेलिग्राम सन्देशमा रुसले रातभर हवाई हमला र आक्रमण जारी राखेको उल्लेख गरेका छन्। बीबीसीले यसको स्वतन्त्र पुष्टि गर्न सकेको छैन ।

चेर्नीहिभका मेयरले रुसको वाचा सकारात्मक भए पनि विश्वास गरिहाल्ने अवस्था नरहेको प्रतिक्रिया दिएका छन्। उनले मङ्गलवारसम्म पनि "आवासीय क्षेत्रमा बम आक्रमण भएको र ३५ जनालाई उपचारका लागि अस्पताल लगिएको" दाबी गरेका छन्। रुसले राजधानीबाट आफ्नो फौज फिर्ता गर्ने प्रतिबद्धता गरेको केही घण्टापछि बुधवार सबेरसम्म पनि किएभमा हवाई गस्तीका साइरनहरू सुनिएको थियो। अमेरिका र युक्रेनका अधिकारीहरूले रुसले किएभभन्दा अलि परको क्षेत्रमा आफ्नो फौजलाई तैनाथ गरिरहेको छ ।

उनीहरूले यसलाई युक्रेनको उत्तरी क्षेत्रमा रुसी सेनाको आक्रमण केन्द्रित गर्ने तयारीका रूपमा हेरेका छन्। टर्कीमा भएको शान्तिवार्तापछि रुसले उत्तरी युक्रेनको किएभ र चेर्नीहिभ क्षेत्रहरूमा आफ्नो सैनिक गतिविधिलाई "ठूलो मात्रामा" कटौती गर्ने बताएको छ। रुसका उपरक्षामन्त्रीले "आपसी विश्वास बढाउनका लागि" त्यस्तो कदम चाल्न लागिएको बताएका छन्। यसलाई रुस र युक्रेनबीचको शान्तिवार्तामा २४ फेब्रुअरीदेखि आरम्भ भएको युक्रेनविरुद्धको रुसी अतिक्रमण यता देखिएको प्रगतिको पहिलो सङ्केतका रूपमा लिइएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलेशान्तिवार्ताकोप्रारम्भिक सङ्केत सकारात्मक देखिएको बताएका छन् तर त्यस्तो बैठकबाट प्राप्त हुने ठोस नतिजालाई मात्र किएभले विश्वास गर्नेमा जोड दिएका छन्। पश्चिमा नेताहरूले पनि रुसको प्रतिबद्धताहरूमाथि शङ्का व्यक्त गरेका छन्। संयुक्त राज्य अमेरिकाले उ मस्को गम्भीर छ भन्ने कुरामा अझै विश्वस्त हुन बाँकी नै रहेको बताएको छ भने ब्रिटेनले रुसलाई उसको बोलीको आधारमा नभई कामको आधारमा मूल्याङ्कन गरिने बताएको छ ।

**अतिक्रमण जारी**

युक्रेनको सशस्त्र सैन्य बलका अनुसार ती दुई क्षेत्रबाट केही रुसी सैन्य एकाइहरू हटेका भएपनि मस्कोले पूर्णस्तरको सशस्त्र अतिक्रमण जारी नै राखेको छ। उनीहरूका अनुसार रुसी सेना पूर्वी युक्रेनको केही भागमा केन्द्रित हुनकालागि पुनः सङ्गठित हुँदै छन्। राष्ट्रपति जेलेन्स्कीले भनेका छन् अवस्था सहज भएको छैन र युक्रेनको सेनाले उसको प्रतिरक्षात्मक कदमहरूलाई खुकुलो पार्ने छैन। किएभमा रहेका बीबीसीका जेरमी बावेन भन्छन् त्यहाँ रुसी आक्रमण पहिले नै सुस्त भैसकेको थियो ।

"रुसीहरूले यथार्थ अवस्था अनुसार नै प्रतिक्रिया जनाएका जस्तो देखिन्छ। तिनीहरूले शहरमा प्रवेश गर्न खोजेका थिए। तर तिनीहरू सफल भएनन्। तिनीहरूले धेरै युद्ध सामग्री गुमाउनु परेको छ तैपनि शहरको प्रतिरक्षामा कुनै कमी देखिएको छैन। त्यो अझ बलियो भएको मैले आफै देखेको छु", जेरमी बावेनले भने ।

**शंका**

टर्कीमा भइरहेको वार्तास्थल बाहिरबाट बीबीसीका टम बेटमन भन्छन् थुप्रै पश्चिमा पर्यवेक्षकहरूले रुसको प्रतिबद्धताप्रति शंका व्यक्त गरेका छन्। टर्कीमा रुस र युक्रेनबीच भैरहेको शान्तिवार्ताको यो चरणको आतिथेय टर्कीका राष्ट्रपति रिचेप तैयिप एर्डोआनले इस्तानबुलस्थित उनको कार्यालयमा गरेका थिए। धेरै वार्ताबाट ठोस उपलब्धि हासिल हुनेमा आशावादी देखिएका थिएनन् ।

मङ्गलवार मात्रै युक्रेनको दक्षिणमा अवस्थित मिकोलाइभमा रहेको एउटा प्रशासनिक भवनमा भएको भीषण हमलामा कम्तीमा १२ जनाको ज्यान गएको थियो। तर कूटनीतिक दृष्टिले हेर्दा वार्तामा उल्लेखनीय प्रगति देखिएको आतिथेय टर्कहरूले दाबी गरेका छन् ।

**प्रत्याभूति**

वार्तामा संलग्नहरूका अनुसार तीनीहरूले रुसका सामु प्रस्तुत गरेका विकल्पहरूमा युक्रेनले सुरक्षाको प्रत्याभूतिका बदलामा तटस्थ भूमिका अपनाउने कुरा प्रस्ताव गरेका थिए। उनीहरू एउटा त्यस्तो अन्तर्राष्ट्रिय संयन्त्रको स्थापना होस् भन्ने चाहन्छन् जसमा आबद्ध प्रत्याभूतिदाता राष्ट्रहरूले भविष्यमा युक्रेनको सुरक्षाका निम्ति आवश्यक कदम चाल्नेछन्। बदलामा किएभले नेटो गठबन्धनको सदस्यता नलिने प्रस्ताव गरिएको थियो जुन रुसको एक प्रमुख माग पनि हो। यो नयाँ प्रतिबद्धता नभएपनि स्पष्ट रूपमा प्रस्तुत गरिएको थियो ।

रुसका उपरक्षामन्त्री एलेक्सान्डर फोमिनले वार्ता अब "व्यवहारिक चरणमा पुगेको" बताए। र उनले रुसले किएभ र चेर्नीहिभ क्षेत्रमा आक्रामक गतिविधिहरूमा ठूलो मात्रामा कटौती गर्ने निर्णय गरेको बताए ।

**बोली हैन काम**

थप वार्ताका लागि आवश्यक विश्वासको वातावरण तयार पार्ने उद्देश्यले त्यस्तो कदम चालिएको उनको दाबी थियो। धेरैले रुसी कदमको अर्थ के हुन्छ भन्नेमा संशय व्यक्त गरेका छन्। पश्चिमा देशहरूले तिनीहरूले रुसको बोली भन्दा पनि उस्को कामलाई हेर्ने बताएका छन्। यो संघर्षविराम वा द्वन्द्वको अन्त्यको कुनै पनि हिसाबले नजिक पुगिएको अवस्था होइन तर युक्रेनले वार्ता जारी नै राखिने बताएको छ। उसले आफ्नो सुरक्षाको प्रत्याभुति हुने प्रस्तावको भागका रूपमा अन्य देशहरूलाई पनि सहभागी गराउने चाहना राखेको छ। र मस्कोले वार्तालाई उस्कै शब्दमा "सिर्जनात्मक" भनेको छ ।

# नेपालद्वारा मलेसिया पराजित



काठमाण्डु । त्रिकोणात्मक टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजअन्तर्गत बुधवार भएको आफ्नो दोस्रो खेलमा नेपालले मलेसियालाई पराजित गर्दै जीत हात पारेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा नेपालले मलेसियालाई ६ विकेटले पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको हो । यसअघि सोमबार भएको पहिलो खेलमा नेपालले पपुवा न्युगिनीलाई १५ रनले पराजित गरेको थियो ।

मलेसियाले दिएको ११५ रनको समान्य लक्ष्य नेपालले १३ दशमलव ४ ओभरमा ४ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जीतमा आसिफ शेखले सर्वाधिक ५७ रनको अर्धशतकीय इनिङ खेले । ३८ बल खेलेका उनले सात चौका र एक छक्काको मद्दतमा ५७ रनको योगदान गरेका हुन् ।त्यसैगरी दीपेन्द्रसिंह ऐरीले २१, दिलीप नाथले १५, रोहित पौडेलले १२ तथा कुशल मल्लले २ रन जोडे ।

बलिङमा मलेसियाका पवनदीप सिंहले २ विकेट लिए भने सैद अजिज र मुहम्मद आमिरले समान १/१ विकेट हात पारे । यसअघि टस जितेर पहिले ब्याटिङ थालेको मलेसियाले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ११४ रन बनाएको थियो । मलेसियाका लागि जुबाइदी जुल्किफ्लेले ३२ रनको योगदान दिए भने कप्तान अहमद फाजीले २४ रन जोडे । यसैगरी सेइद अजिजले १४, शर्भिन मुनियनडीले ९, मुहमद अमिरले १६ तथा विजय उन्नीले ३ रनको योगदान गरे ।

बलिङमा नेपालका कप्तान सन्दीप लामिछाने र करण केसीले समान २/२ विकेट लिए भने कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी र अविनास बोहराले समान १/१ विकेट झारे । अब नेपालले भोलि पपुवा न्युगिनीसँग खेल्नेछ । रासस

# राजविराज द किङलाई सप्तरी प्रिमियर लिगको उपाधि




**टुडे समाचारदाता**

राजविराज । चौंथो संस्करणको राजविराज सप्तरी प्रिमियर लिगको उपाधि राजविराज द किङले जितेको छ। राजविराजस्थित राज रंगशालामा सम्पन्न फाइनलमा द किङले तिलाठी कोइलाडी जायन्ट्सलाई २९ रनले पराजित गऱ्यो ।

राजविराज द किङले दिएको १३९ रनको लक्ष्य पछ्याउने क्रममा तिलाठी कोइलाडीले १७.४ ओभरमा १०९ रनमा अलआउट भयो। लक्ष्य पछ्याउने क्रममा तिलाठी कोइलाडीका भुवन कार्कीले ३२ तथा सुनिल धमलाले ३० रन बनाउनु बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । राजविराज द किङका बलर नन्दन यादव र अनिल यादवले ३/३ विकेट, फिर्दोश अन्सारीले २ तथा रूपेश कुमार सिंहले १ विकेट लिए। यसअघि टस जितेर ब्याटिङ गरेको राजविराज द किङले १९.१ ओभरमा १३८ रनमा सम्पूर्ण विकेट गुमाएको थियो ।

द किङको ब्याटिङमा ओपनर सन्तोष कार्कीले सर्वाधिक ८२ रन बनाए जुन क्रममा ४४ बलमा ५ चौका र ८ छक्का प्रहार गरे। रूपेश सिंहले १४ रन बनाउनुबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्। तिलाठी कोइलाडीको बलिङमा अविशेक कार्कीले सर्वाधिक ४ विकेट लिए जुन क्रममा ३ ओभरमा १६ रन खर्चिए। जितेन्द्र यादव र योगेन्द्र सिंह कार्कीले २/२ विकेट लिए।

उपाधि सहित राजविराज द किङले तिन लाख रूपैयाँ तथा उपविजेता तिलाठी कोइलाडीले एक लाख पचास हजार रूपैयाँ प्राप्त गर्यो। प्रतियोगिताकै उत्कृष्ट खेलाडी तिलाठी कोइलाडी जायन्ट्सका सुनील धमला घोषित भए जसले २५ हजार रूपैयाँ प्राप्त गरे ।

उत्कृष्ट ब्याट्सम्यान राजविराज द किङका सन्तोष कार्की घोषित भए भने उत्कृष्ट बलर राजविराज द किंग्सका रूपेश कुमार सिंह घोषित भए । उत्कृष्ट बलर र ब्याट्सम्यानले जनही १५ हजार रूपैयाँ प्राप्त गरे। यस्तै उदयमान खेलाडी तिलाठी कोइलाडीका अभिषेक कार्की घोषित भए जसले १५ हजार रूपैयाँ बराबरको क्रिकेट सामग्री प्राप्त गरे।

# प्रधानसेनापति ट्रफी २०७८ शुरु

काठमाण्डु । नेपाली सेनाका चार वटै कमाण्ड, पाँच वटा बाहिनी र विशेष फौज बाहिनी सहभागी



रहेको 'प्रधानसेनापति ट्रफी-२०७८' बुधवारदेखि शुरु भएको छ । प्रधानसेनापति प्रभुराम शर्माले सैनिक मुख्यालय जङ्गी अड्डामा आज आयोजित समारोहमा प्रतियोगिताको उद्घाटन गर्नुभयो । आगामी वैशाख २ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा फुटबल, भलिबल, बास्केटबल, तेक्वान्दो, बक्सिङ, पौडी, दौड, सुटिङ र आर्चरी विधा समेटिएको छ। सेनाले सङ्गठनभित्र उत्कृष्ट खेलाडी उत्पादन गर्ने अभिप्रायले 'स्वास्थ्यका लागि खेलकुद : राष्ट्रका लागि खेलकुद' भन्ने नाराका साथ विसं २०६५ सालदेखि यो प्रतियोगिता आयोजना गरेको हो । यसअघि उक्त प्रतियोगिता भदौमा सञ्चालन हुने गरेकामा कोरोना सङ्क्रमण जोखिमका कारण सारिएको हो । मुलुकभित्रका हरेक प्रतियोगितामा बर्चश्व कायम गर्दै आएका सैनिक खेलाडीले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा आफूलाई अब्बल सावित गर्दै आएका छन् ।

तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा १०३ पदक दिलाउनका साथै आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपाली सेनाको त्रिभुवन आर्मी क्लब मुलुकको च्याम्पियन घोषित भएको थियो । प्रतियोगिता उद्घाटनका अवसरमा नेपाली सेनाको तालिम महानिर्देशक सीताराम खड्काले सेनाका सकल दर्जालाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित, साहसिक र पेशेवर नेतृत्वदायी भूमिका निर्वाह गर्ने फौज तयार गर्न खेलकुद एक अभिन्न अङगका रूपमा रहिआएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'खेलकुदले सैनिकको आत्मभरोसा वृद्धि गर्ने मात्र नभई टिम भावना कायम राख्नसमेत मद्दत गर्छ ।' उद्घाटन खेलका रूपमा भएको ४०० मिटर महिला दौडमा निर्मला थापा प्रथम, सरस्वती कठायत द्वितीय तथा भगवती थापा तृतीय हुनुभयो ।रासस

## भारत नियन्त्रित कश्मीरमा २ लडाकू मारिए

**सिन्ह्वा**

श्रीनगर । भारत नियन्त्रित काश्मिरमा प्रहरीले बुधबार यस क्षेत्रमा भएको गोली हानाहानमा दुई आतङ्ककारीको मृत्यु भएको जनाएको छ। भारत नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगर शहरको रैनावरी क्षेत्रमा गोली हानाहान भएको हो ।

'बुधवार बिहान शहरको रैनावरी क्षेत्रमा आतङ्ककारी र प्रहरी र अर्धसैनिकको संयुक्त टोलीबीच गोली हानाहान भएको थियो ।

विद्रोहीहरुको उपस्थिति रहेको सूचना दिने विशेष गुप्तचर सूचनाका आधारमा सरकारी सेनाको टोलीले सो क्षेत्रलाई घेरा हालेको थियो ।

झडपमा सरकारी सेनालाई कुनै क्षति नभएको प्रहरीले जनाएको छ ।

मारिएका लडाकुहरू स्थानीय कार्यकर्ताको रूपमा चिनिएका छन् ।

कश्मीर भारत र पाकिस्तान बीच विभाजित हिमालय क्षेत्र, दुबैले पूर्ण रूपमा दाबी गर्दै आएका छन्।

बेलायतबाट स्वतन्त्र भएदेखि विशेष गरी कश्मीरमा दुई देशले तीनवटा युद्ध लडेका छन् ।

## दोस्रो राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रतियोगिता सुरु

पर्वत । मोदी गाउँपालिका-८ चित्रेमा राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रयोगिता सुरु भएको छ। प्रतियोगिताको बुधवार राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले उद्घाटन गर्नुभएको छ ।

गत वर्षदेखि राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रतियोगिता सुरु गरिएको हो ।

गत वर्ष अध्यक्ष तिमिल्सिनाकै जन्मगाउँ मोदी-८ राम्जादेउरालीमा सञ्चालन गरिएको थियो । यसवर्ष छिमेकी वडा चित्रेमा आयोजना गरिएको हो ।

सो अवसरमा अध्यक्ष तिमिल्सिनाले स्वास्थ्यका लागि खेलकूद अपरिहार्य आवश्यकता रहेको बताउनुभयो ।

उहाँले खेल क्षेत्रको विकासबाट पनि मुलुकको आर्थिक समृद्धि गर्न सकिने जनाउँदै यस्ता प्रतियोगिताले ग्रामीण क्षेत्रका खेलाडीको अनुभव र क्षमताको विकास हुने बताउनुभयो ।

अध्यक्ष तिमिल्सिनले सरकारले सबै स्थानीय तहमा व्यवस्थित खेल मैदान विस्तार गरी खेलकूदसम्बन्धी प्रशिक्षण सञ्चालन गर्न सकेमा नेपाली खेलाडीले पनि बाह्य मुलुकमा पुगेर सफलता हासिल गर्नसक्ने बताउनुभयो ।

गाउँपालिकाको आयोजनामा दोस्रोपटक राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रतियोगिता आयोजना गरिएको हो ।

बुधवारदेखि यही चैत २० गतेसम्म सञ्चालन हुने वडास्तरीय भलिबल प्रतियोगितामा १० टोलीको सहभागिता रहेको छ ।

लिग कम नक आउटका आधारमा खेलाइने खेलमा प्रथम हुनेले रु एक लाख ५१ हजार १११, द्वितीय हुनेले रु एक लाख एक हजार १११ र तृतीय हुनेले रु ५१ हजार १११ पुरस्कार र कप, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किसानबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

सो अवसरमा रत्यौली प्रतियोगितासमेतआयोजनागरिएकोछ भने डोरी तान्ने प्रतियोगिता, छेलो फाल्ने प्रतियोगितासमेत आयोजना गरिएको छ । दुवै प्रतियोगितामा प्रथम हुनेले रु १५ हजार राशिको पुरस्कार पाउने भएका छन् ।रासस

## चर्च ब्वाइजको जीत

काठमाण्डु । शहीद स्मारक 'बी' डिभिजन लिग फुटबल प्रतियोगितामा चर्च ब्वाइज क्लब विजयी भएको छ ।

सातदोबाटोस्थित (अखिल नेपाल फुटबल सङ्घ) एन्फा कम्प्लेक्समा बुधवार भएको खेलमा चर्च ब्वाइजले रानीपोखरी कर्नर टिम (आरसिटी) लाई २-० गोल अन्तरले पराजित गर्दै विजयी भएको हो । चर्च ब्वाइजको जीतमा कुवेर न्यौपाने र आशिष चापागाईंले गोल गरे ।

खेलको ५२औं मिनेटमा कुवेरले गोल गर्दै चर्च ब्वाइजलाई पहिलो अग्रता दिलाए ।

त्यसपछि खेलको ७५औं मिनेटमा आशिषले गोल गर्दै चर्च ब्वाइजलाई २-० को जित दिलाए । यस जीतसँगै चर्च ब्वाइजले १० खेलमा २० अङ्क जोड्दै अङ्क तालिकाको शीर्षस्थानमा रहेको छ । रासस

## श्रीलंकामा दैनिक १० घण्टा विद्युत कटौती

**एएफपी**

कोलम्बो । श्रीलङ्कामा बुधबारदेखि दैनिक १० घण्टा विद्युत कटौती हुने भएको छ ।

देशमा उर्जा सङ्कट उत्पन्न भएकाले देशव्यापी विद्युत कटौती दैनिक रुपमा गर्नु परेको अधिकारीहरूले जनाएका छन् ।

दुई करोड २० लाख जनसङ्ख्या रहेको दक्षिण एसियाली मुलुक श्रीलङ्कामा आर्थिक सङ्कट चुलिएको छ भने विदेशी मुद्राको अभाव भएको छ ।

श्रीलङ्कामा प्रयोग हुने विजुली मध्ये ४० प्रतिशत विजुली जलविद्युत परियोजना मार्फत उत्पादन हुने गरेको छ। जलविद्युत उत्पादनका लागि प्रयोग हुने जलाशय भने अहिले सङ्कटमा रहेका छन् ।

पर्याप्त वर्षा नभएकाले जलाशयमा जल कम भएकाले विजुली उत्पादन पनि कम भएको अधिकारीहरूको भनाई छ ।

बाँकी विजुली भने कोइला र तेलबाट उत्पादन गर्ने गरिएको छ । ती दुवै चीज विदेशबाट आयात गर्नु पर्ने र आयातका लागि विदेशी मुद्रा नभएकाले आयात गर्न गाह्रो भएको छ ।

कोइला र तेलको कमीका कारण विजुली उत्पादन कम भएकाले विद्युत प्रवाह पनि कटौती गर्नु परेको अधिकारीहरूको भनाई छ ।



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरको मीनाबजार नजिकै सडक छेउमा मकै पोलेर बेच्दै स्थानीय व्यापारी। तस्वीर : रासस

# बन्द भएका र रुग्ण ७ वटा सरकारी उद्योगलाई के गर्न सकिन्छ?

# निजीकरणदेखि खारेजीसम्मको मोडालिटी तयार

**सुनिता सिटौला**

काठमाण्डु । हाल बन्द र रूग्ण अवस्थामा रहेका सरकारी स्वामित्वका उद्योग चलाउन सरकारले मोडालिटी तयार गरेको छ। गत कात्तिक १५ गते बसेको बैठकले बन्द संस्थान वा उद्योगहरू पुनः सञ्चालन गर्न के कस्तो मोडालिटी उपयुक्त हुन्छ भनेर सिफारिस गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सहसचिव चन्द्रकला पौडेलको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो।

उक्त कार्यदलले तीन वटा मोडालिटी तयार गरी प्रतिवेदन सरकारलाई बुझाएको छ। पहिलो, उद्योगमा थप लगानी गरी प्रविधिमा स्तरोन्नति गरेर सञ्चालनमा ल्याउने। दोस्रो, निजी क्षेत्र वा वैदेशिक लगानी गर्न चाहने फर्मलाई आरपिपी मोडलमा सञ्चालन गर्ने दिने। तेस्रो, यदि सरकार तथा निजी क्षेत्रले चलाउन सकिँदैन भनेमा ब्रान्ड नाम, मेसिन बिक्री गर्ने र कम्पनी खारेज गर्ने।

सबै उद्योगहरूको जडित क्षमता कम रहेको र प्रविधि पुरानो भएकाले यथास्थितिमा सञ्चालन गर्न सकिने अवस्था नरहेको सरकारी लगानी भएका र हाल बन्द रहेका संस्थानहरूको पुनः सञ्चालन सम्बन्धी अध्ययन प्रतिवेदन-२०७८ ले औंल्याएको छ।

**यस्ता उद्योग सात वटा छन्** :

**१. नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.**

यो खरीढुंगा तथा म्याग्नेसाइटमा आधारित डिबिएम तथा अन्य पदार्थ उत्पादन गर्ने उद्देश्यले २०३५ सालमा स्थापित उद्योग हो। यसको अधिकृत पुँजी एक अर्ब रूपैयाँ छ भने जारी पुँजी ५० करोड छ। यसमा सरकारको ७५ प्रतिशत सेयर छ। सरकारको ऋण लगानी ८१ करोड १५ लाख छ भने ब्याज एक अर्ब २९ करोड ११ लाख रूपैयाँ छ। त्यस्तै सञ्चित नोक्सानी चार अर्ब ५८ करोड रूपैयाँ छ।





खानी क्षेत्र राम्रो भए पनि खानी सञ्चालनमा नरहेको हुँदा भएको भौतिक संरचनामा खिया लागिसकेको छ। समयानुकूल प्रविधि प्रयोग गरी उद्योगको क्षमता बढाएर मात्र सञ्चालन गर्न सकिने प्रतिवदेनले औंल्याएको छ।

**२. बुटवल धागो कारखाना**

कपडा उत्पादनलाई कच्चा पदार्थ उपलब्ध गराई आयात प्रतिस्थापन गर्ने उद्देश्यले स्थापित यो उद्योग बुटवलस्थित औद्योगिक क्षेत्रको जग्गामा छ। यसको अधिकृत पुँजी ६० करोड रूपैयाँ हो भने जारी पुँजी ४६ करोड छ। चुक्ता पुँजी ३७ करोड ३१ लाख रूपैयाँ छ। सरकारको ५९.७५ प्रतिशत सेयर यसमा छ। सञ्चित नोक्सानी एक अर्ब ६८ करोड ४७ लाख रूपैयाँ छ भने सरकारको ऋणको साँवा एक अर्ब र ब्याज ३८ करोड रूपैयाँ छ।

यो कारखानालाई ज्योति स्पिनिङ मिलले केही समय व्यवस्थापन गरेको थियो। तर नाफाको सम्भावना नदेखेपछि उक्त संस्थाले हात झिक्यो। अब सरकारले सञ्चालन गरी नाफा गर्ने सम्भावना कम छ। प्रविधिगत स्तरोन्नति गरी सञ्चालन गर्न निजी क्षेत्रलाई प्रस्ताव आह्वान गर्ने र उपयुक्त प्रस्ताव आए पिपिपी मोडलमा सञ्चालन गर्ने वा बिक्री गर्ने वा नचलाएमा कम्पनी खारेज गर्न सकिने प्रतिवेदनले सुझाएको छ।

**३. गोरखकाली रबर उद्योग**

नेपालमै टायर उत्पादन गरी बिक्री गर्ने उद्देश्यले यो उद्योग स्थापना भएको हो। यसको अधिकृत पुँजी ६९ करोड ९९ लाख रूपैयाँ छ भने चुक्ता पुँजी २८ करोड ७५ लाख छ। यस कम्पनीमा सरकारको ३८ प्रतिशत छ। सञ्चित नोक्सानी ६३ करोड १५ लाख रूपैयाँ छ। सरकारको ऋणको साँवा १४ अर्ब ४७ करोड ७९ लाख रूपैयाँ र ब्याज ३७ करोड २१ लाख छ। बैंक तथा वित्तीय संस्थालाई बुझाउनु पर्ने साँवा-ब्याज ३८ करोड ५० लाख रूपैयाँ छ।

यो सेमी-अटोमेटिक मेसिन जडित उद्योग लामो समयदेखि बन्द छ। हाल ६ जना सुरक्षाकर्मी मात्र यहाँ छन्। लामो समयदेखि साधारण सभा नभएकाले सभा गरी कम्पनी अद्यावधिक गर्नुपर्ने देखिन्छ। गोरखकाली टायरको ब्रान्ड नाम बिक्री गर्ने, जग्गा सरकारको नाममा ल्याउने र मेसिनहरू बिक्री गर्न सकिने प्रतिवेदनमा भनिएको छ।

**४. जनकपुर चुरोट कारखाना**

राष्ट्रिय अर्थ व्यवस्थामा योगदान बढाउने र आयात प्रतिस्थापन गर्ने उद्देश्यले २०२१ सालमा यो उद्योग स्थापना भएको हो। सरकारले चुरोट उत्पादन नगर्ने नीतिअनुसार यो उद्योग बन्द भएको छ। यसमा सम्पूर्ण सेयर सरकारको छ। यो उद्योगको अधिकृत पुँजी ८ करोड र जारी पुँजी ४ करोड ८ लाख रूपैयाँ छ। यसको सञ्चित नोक्सानी २ अर्ब ९० करोड ६९ लाख रूपैयाँ छ। त्यस्तै २९ करोड ४६ लाख रूपैयाँ सरकारको ऋण छ।

सुरक्षाका लागि यहाँ करारमा ८ जना कर्मचारी छन्। कम्पनीको ३४ बिघा जग्गा छ। यसमा कारखानाको क्षेत्र, अन्य आवास, कारखाना भवन लगायत छन्। उद्योगमा सेमी-अटोमेटिक मेसिन छ। अब प्रविधिगत स्तरोन्नति गरी सञ्चालन गर्दा मात्र प्रतिस्पर्धी बजारमा टिक्न सक्छ। कारखाना रहेको बाहेक अन्य ठाउँको जग्गा सरकारको नाममा ल्याउन पर्ने प्रतिवेदनमा भनिएको छ। त्यस्तै जनकपुर चुरोट कारखानाको ट्रेडमार्क र ब्रान्डहरू बिक्री गर्न सकिने सुझाइएको छ।

**५. विराटनगर जुट मिल्स**

नेपालको जेठो सरकारी उद्योग विराटनगर जुट मिल्स लामो समयदेखि बन्द छ। मिलको सुरक्षा र अन्य व्यवस्थाका लागि ३०-४० जना कर्मचारी रहे पनि लामो समयदेखि तलब खाएका छैनन्। कम्पनीको अधिकृत पुँजी २४ करोड रूपैयाँ छ भने चुक्ता पुँजी ११ करोड रूपैयाँ छ। व्यवस्थापनले पुँजीकट्टि गरी सरकारको सेयर ५० प्रतिशतभन्दा कम बनाएको थियो। पछि छानबिन गरेर पुनः सरकारको सेयर ६८ प्रतिशत कायम भएको छ।

यसको सञ्चित नोक्सानी आर्थिक वर्ष २०७५/७६ सम्ममा पाँच अर्ब २५ करोड २३ लाख रूपैयाँ छ। यसपछि अझै थपिएको छ। सरकारको ऋण एक अर्ब नौ करोड ६४ लाख रूपैयाँ छ भने ब्याज ७३ करोड ७२ लाख छ। बैंक तथा वित्तीय संस्थाको ऋणको साँवा १२ करोड ९३ लाख रूपैयाँ र ब्याज दुई अर्ब नौ करोड ४३ लाख छ। उक्त उद्योग निजी क्षेत्रलाई लिजमा दिने प्रयत्न सफल भएको थिएन। सरकारले आफैं सञ्चालन गर्दा चुस्त दुरुस्त व्यवस्थापन हुन नसक्ने निष्कर्ष निकालिएको छ। त्यसैले निम्न विकल्पमा निर्णय गर्नुपर्ने प्रतिवेदनमा भनिएको छ।

-जुटमिल कारखानालाई संग्रहालयका रूपमा विकास गर्ने। त्यहाँ अन्य संग्रहालयले चर्चेको जग्गा समेत सरकारमा ल्याएर संग्रहालय सञ्चालन प्रदेश सरकारले गर्ने।

-निजी क्षेत्रलाई जग्गाबाहेकको कारखाना बिक्री गर्ने वा लिजमा दिन प्रस्ताव माग गरी उपयुक्त प्रस्ताव प्राप्त भएमा लिजमा दिने वा बिक्री गर्ने।

-क्लिन इनर्जी उद्योग सञ्चालन गर्न औद्योगिक क्षेत्र बनाउने।

**६. हेटौंडा कपडा उद्योग**

कपडा उत्पादन गर्ने उद्देश्यले स्थापित यो उद्योग विभिन्न समयमा सञ्चालन गर्ने चर्चा चले पनि पुनः सञ्चालनमा आउन सकेन। त्यसैले औद्योगिक क्षेत्र व्यवस्थापनलाई सरकारको सेयर दिएर हस्तान्तरण गरी सकिएको छ। यो उद्योग पुनः सञ्चालन गर्न प्रविधिगत स्तरोन्नति तथा थप लगानी आवश्यक पर्ने भएकाले निम्न विकल्पमा जान सकिने प्रतिवेदनको सुझाव छ।

- निजी क्षेत्रलाई सञ्चालन गर्ने मोडालिटीसहितको प्रस्ताव आह्वान गर्ने र प्राप्त प्रस्ताव उपयुक्त लागे लिजमा दिने।

- बुटवल धागो कारखाना तथा हेटौंडा कपडा उद्योगलाई एउटै प्याकेजमा राखेर सञ्चालन गर्न प्रस्ताव आह्वान गर्ने। यसरी प्रस्ताव गर्ने उपयुक्तलाई प्राथमिकतामा राख्ने।

- मेसिन बिक्री गरी उक्त स्थानमा अन्य उद्योग सञ्चालन गर्ने व्यवस्था गर्ने जिम्मा औद्योगिक क्षेत्र व्यवस्थापनलाई दिने।

**७. नेपाल औषधि लिमिटेड**

नेपाल औषधि लिमिटेड लामो समय बन्द भएर हाल भने छ प्रकारका उत्पादन गरिरहेको छ। एक मात्र सरकारी औषधि कम्पनीले विगतमा १४० प्रकारका औषधि उत्पादन गर्थ्यो। पछि मापदण्ड कायम नगरेका कारण बन्द भएको थियो। हाल भने मापदण्डमै रहेर उत्पादन गरिरहेको छ। यो पूर्ण सरकारी स्वामित्वमा छ। सरकारको सात करोड ५५ लाख सेयर पुँजी छ। एक अर्ब १६ करोड ऋण लगानी छ।

लिमिटेडले औषधिको प्रकार बढाएर कम्पनीलाई नाफामा लैजान सकिन्छ भन्ने मनसायले व्यवसायिक योजना तयार गरी ऋण माग गरेको थियो। प्राप्त ऋण कर्मचारीको तलब तथा निवृत्तिभरण जस्ता अनिवार्य दायित्वको शिर्षकमा भएको खर्च भएको देखिन्छ।

लिमिटेडले हाल उत्पादन गरेको सिटामोलमा ठूलो घाटा बेहोरिरहेको छ भने जीवनजल र स्यानिटाइजरबाट केही नाफा कमाइरहेको छ। केही पुराना मेसिनको सट्टा नयाँ प्रविधि राखेर पुरानै अवस्थामा फर्काउन सकिने प्रतिवेदनले उल्लेख गरेको छ। प्रतिवेदनले यसलाई व्यावसायिक योजना बमोजिम लगानी गरी पुनः सञ्चालन गर्न उपयुक्त देखिने पनि बताएको छ।

# मंगलम सिपिभिसी प्लस पाइपलाई नेपाल गुणस्तर चिन्ह

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको पहिलो सिपिभिसी पाइप उत्पादक र अग्रणी निर्यातकर्ता मंगलम इन्डस्ट्रिजबाट उत्पादित सिपिभिसी प्लस पाइपले नेपाल गुणस्तर चिन्ह प्राप्त गरेको छ। यसका एस्डिआर ११ (१५ र ५० मिलिमिटर) र एस्डिआर १३.५ (२० र ५० मिलिमिटर) लाई नेपाल गुणस्तर चिन्ह ५७० प्रदान गरिएको हो।

बजारमा लामो समयदेखि गुणस्तरीय उत्पादन दिइरहेको मंलमको पिभिसी र एचडिपिई पाइपले भने पहिलेदेखि नै नेपाल गुणस्तर मान्यता पाइसकेका छन्।

गुणस्तर तथा नापतौल विभागले विभिन्न नेपाली उत्पादनहरूलाई गुणस्तरको मानकको रूपमा यो चिन्ह प्रदान गर्दै आएको छ। नेपाल गुणस्तर चिन्ह अन्तरराष्ट्रिय मान्यता प्राप्त छ र यो चिन्ह पाएका उत्पादनहरू गुणस्तरीय र नेपाली बजारमा बिक्री योग्य मानिन्छन्।

मंगलम इन्डस्ट्रिज उपाध्यक्ष प्रदिप शुक्लाले यसै विषयमा भने, 'हाम्रो सिपिभिसी प्लसले नेपाल गुणस्तर चिन्ह पाएको जानकारी गराउन पाउँदा हामी अत्यन्तै उत्साहित छौं। उत्पादन प्रक्रियामा सबै मापदण्ड पुऱ्याएका, गुणस्तरीय र सुरक्षित उत्पादनहरूलाई गुणस्तर विभागले यो चिन्ह प्रदान गर्दै आएको छ। यो हाम्रो लागि उल्लेखनीय उपलब्धि हो। साथै, यसले हामीलाई भविष्यमा अझै गुणस्तरीय उत्पादन गर्न पनि हौसला दिएको छ।'

नेपालकै सबैभन्दा ठूलो प्रयोगशाला भएको मंगलम इन्डस्ट्रिजले निर्माण कार्यमा आवश्यक पाइप्स र फिटिङ्सहरू नेपालमै उत्पादन गर्दैछ। मंगलम हरेक उत्पादनहरू उच्च गुणस्तरीय जापानिज कच्चा पदार्थबाट अत्याधुनिक प्रविधिको प्रयोगबाट बनाइन्छन्।

# जुनसुकै नेटवर्कमा कम पैसामा कल गर्न सकिने टेलिकमको नयाँ भ्वाइस प्याक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल टेलिकमले नयाँ अल नेट भ्वाइस प्याक अफर सार्वजनिक गरेको छ। टेलिकमले जुनसुकै सेवा प्रदायकको नेटवर्कमा कुराकानी गर्न सकिने किफायती मूल्यका अल नेट भ्वाइस प्याक उपलब्ध गराउने भएको हो।

टेलिकमले हाल उपलब्ध भइरहेका विभिन्न प्रकारका अल नेट भ्वाइस प्याक कायम राख्दै तिनमा थप सुविधासहित किफायती मूल्यमा विभिन्न प्रकारमा अल नेट भ्वाइस प्याक उपलब्ध गराउन लागेको हो।

यसका साथै सेवाग्राहीहरूको चाहनालाई ध्यानमा राख्दै कम्पनीले उपलब्ध गराइरहेका विभिन्न प्रकारका सजिलो अनलिमिटेड पोस्टपेड प्याक, सजिलो अनलिमिटेड प्रिपेड प्याक र सियुजी प्याकहरूलाई अझै ग्राहकमैत्री र आकर्षक बनाइएका छन्।

नयाँ व्यवस्था अनुसार जुनसुकै नेटवर्कमा ५०० मिनेटसम्म कुराकानी गर्न सकिने २८ दिनको प्याक २६५ रुपैयाँमा र १२०० मिनेटसम्म कुराकानी गर्न सकिने ३५ दिनको प्याक ५५० रुपैयाँमा उपलब्ध गराइएको छ।

यसैगरी बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म कुराकानी गर्न सकिने अनलिमिटेड अल नेट डे भ्वाइस प्याक र राति १० बजेदेखि बिहान ७ बजेसम्म जुनसुकै सेवा प्रदायकको नेटवर्कमा असीमित कुराकानी गर्न सकिने अनलिमिटेड अल नेट नाइट प्याक जम्मा २५ रुपैयाँमा खरिद गर्न सकिन्छ।

साथै, आवश्यकता अनुसार बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म १२ रुपैयाँमा ३० मिनेट र १५ रुपैयाँमा १२० मिनेट जुनसुकै नेटवर्कमा कुराकानी गर्न सकिने अल नेट डे भ्वाइस प्याक पनि उपलब्ध हुनेछ।

कम्पनीले उपलब्ध गराइरहेको सजिलो अनलिमिटेड पोस्टपेड र प्रिपेड प्याक थप आकर्षक बनाइएका छन्। ५९९ रुपैयाँमा कम्पनी भित्रकै नेटवर्कमा असीमित कुराकानी गर्न सकिने प्याकमा अन्य सेवा प्रदायकको नेटवर्कमा २५० मिनेट कुराकानी गर्न सकिने सुविधा थप गरिएको छ।

अब ५९९ रुपैयाँमा कम्पनीको नेटवर्कमा असीमित कल गर्न र अन्य नेटवर्कमा २५० मिनेट कल गर्न वा प्रतिदिन १ जिबी डेटा चलाउन सकिनेछ। साथै, ७९९ रुपैयाँमा कम्पनी भित्रकै नेटवर्कमा असीमित कुराकानी गर्न सकिने प्याकमा अन्य सेवा प्रदायकको नेटवर्कमा ५०० मिनेट कुराकानी गर्न सकिने र २०० वटा सन्देश पठाउन सकिने व्यवस्था छ। यो प्याकमा प्रतिदिन १ जिबी डेटा समेत चलाउन सकिन्छ।

९९९ रुपैयाँ र १४ सय ९९ रुपैयाँका प्याकमार्फत कम्पनी भित्रको नेटवर्कमा असीमित कुराकानी गर्न सकिनुका साथै अबदेखि अन्य सेवा प्रदायकको नेटवर्कमा पनि असीमित कुराकानी गर्न सकिने (अल नेट अनलिमिटेड) सुविधा उपलब्ध हुनेछ। त्यसैगरी, यी प्याकमा क्रमशः प्रतिदिन २ जिबी र ४ जिबी डेटा तथा ४०० वटा र १,००० वटा अल नेट सन्देश पठाउन सकिने सुविधा उपलब्ध छ।

# एक लाख १५ हजार पर्ने शाओमी १२ प्रो नेपाली बजारमा सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । शाओमीले नेपाली बजारमा आफ्नो फ्ल्याग्शिप सिरिज शाओमी १२ अन्तर्गत शाओमी १२ प्रो सार्वजनिक गरेको छ।

प्रयोगकर्ताहरूलाई कटिङ एज भिडियोग्राफी र इन्टरटेन्मेन्ट पावर हाउसको अनुभव दिने उद्धेश्यले अत्याधुनिक एआई एल्गोरिदम, फ्ल्यागशिप प्रोसेसिङ पावरको साथ कम्पनीले शाओमी १२ प्रो सार्वजनिक गरेको हो।

कम्पनीले केही समय अघि मात्रै यो फोनको लागि प्रि-बुकिङ खुलाएको थियो। बुधबारदेखि भने फोन सार्वजनिक भएसँगै बिक्री सुरू गरिएको हो।

शाओमी १२ प्रोमा एचडिआर १० प्लस र डल्बी भिजनवाला ६.७३ इन्चको एमोलेड एलटिपिओ डिस्प्ले दिइएको छ। ८ जेन १ स्न्यापड्र्यागन प्रोसेसर भएको यो





फोनमा ५० मेगापिक्सलको मुख्य क्यामेरा, ५० मेगापिक्सलको टेलिफोटो र ५० मेगापिक्सलको वाइड एंगलको सेकेन्डरी क्यामेरा सहित ट्रिपल रियर क्यामेरा सेटअप छ।

तीनवटै क्यामेराहरूमा नाइट मोड सेन्सरहरू उपलब्ध छ जसले गर्दा रातको समयमा पनि राम्रो र स्पष्ट फोटो खिच्न सकिन्छ। सेल्फीको लागि यसमा ३२ मेगापिक्सेलको अल्ट्रा-क्लियर सेल्फी लेन्स दिइएको छ। यो स्मार्टफोनको अर्को विशेषता भनेको यसको साइबर फोकस ट्र्याकिङ प्रणाली हो, जसले गुडिरहेको अथवा चलिरहेको गाडी आदिको फोटो खिच्न सजिलो हुन्छ। यो फोनमा सन् २०२२ को फ्ल्यागशिप डिभाइसमा हुनुपर्ने सबै नवीनतम र उत्कृष्ट विशेषताहरू छन्। यो फोनमा छिटो चार्ज हुने विशेषता दिइएको छ। यसले १२० वाटको फास्ट चार्जिङ समर्थन गर्छ, जसले फोन १८ मिनेटमै फुल चार्ज हुन्छ। फोनमा ४,६०० एमएएचको ब्याट्री क्षमता दिइएको छ।

शाओमी १२ प्रोमा हर्मन-कर्डोनका चार वटा स्पिकरहरु छन्, जसले रियल सराउन्ड साउन्ड एक्स्पिरियन्स दिन्छ। बजारमा शाओमी १२ प्रो बैजनी र नीलो रङमा १२ जिबी र्‍याम र २५६ जिबी आन्तरिक स्टोरेज विकल्पमा उपलब्ध छ। जसको मूल्य कम्पनीले एक लाख १४ हजार ९ सय ९९ रुपैयाँ तोकेको छ।



## लोयल अस्पताल प्रा.लि. प्रस्तावक रहेको अस्पताल भवन निर्माण कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८।१२।१७**

लोयल अस्पताल प्रा.लि., हरिवन ०४, सर्लाहीको (१०० शैयूया) अस्पताल भवन निर्माण पूर्व वातावरण संरक्षण ऐन २०७६ अनुसार निम्नानुसार प्रस्ताव कार्यान्वय नगर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको व्योहोरा** | १०० शैयूया क्षमताको अस्पताल भवन |
| **प्रस्तावको नाम** | लोयल हस्पिटल प्रा. लि.<br>हरिवन ०४, अत्रौली, सर्लाही |
| **सम्बन्धित मन्त्रालयको नाम र ठेगाना** | मधेश प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय<br>मधेश भवन, जनकपुरधाम, नेपाल |
| **प्रभाव पर्न सक्ने जिल्ला, वडा, न.पा.** | सर्लाही जिल्ला वडा नं. ४ तथा आसपासको क्षेत्र |
| **परामर्शदाताको नाम र ठेगाना** | एलफोर्न ईन्जिनियरिङ एण्ड एसोसिएट्स प्रा. लि.<br>केलेश्वर १४, काठमाण्डौं नेपाल<br>फोन नं.: ०१४२८०४६३<br>ईमेल : alphornengg@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, रासायनिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, अस्पताल तथा सरोकारवाला व्यक्ति वा संघ संस्थाको लिखित राय र सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय र सुझाव उपलब्ध गराइ दिन हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **राय सुझावको लागि पत्राचार गर्ने ठेगाना** | लोयल हस्पिटल प्रा. लि.<br>हरिवन ०४, अत्रौली, सर्लाही<br>मधेश प्रदेश, नेपाल<br>व्यवस्थापन निर्देशकः अश्विन वराल<br>फोन नं.: ०१५९००९३<br>मोबाइल नं.: ९८५१०३९०९३<br>ईमेल : loyalhosp@gmail.com |

# मधेश प्रदेशसभाको बैठक स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको बुधवारको बैठक स्थगित भएको छ ।

बैठकमा आवश्यक गणपूरक सङ्ख्यामा प्रदेशसभा सदस्य उपस्थित नभएपछि सभामुख सरोजकुमार यादवले बैठक विहीबार बिहान ११ बजेसम्मका लागि स्थगित गरेका हुन् ।

बैठकको सुरुमै प्रतिपक्षी दलका प्रदेशसभाका सदस्यले बैठकका लागि आवश्यक गणपूरक सङ्ख्या उपस्थित नरहेकाले बैठक स्थगित गर्न माग गरेका थिए ।

बैठकको सुरु हुने वित्तिक्कै लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य तथा सचेतक परमेश्वर साहले बैठकका लागि चाहिने आवश्यक गणपूरक सङ्ख्या उपस्थित नरहेकाले बैठक स्थगित गर्नु पर्ने धारणा राखेका थिए । बुधवारको प्रदेशसभा बैठकमा प्रदेशप्रमुख कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण सम्बन्धी पत्र वाचन गर्ने, प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहद्वारा प्रस्तुत प्रदेश प्रहरी ऐन कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्तावमाथि समेत छलफल हुने कार्यसूची बनेको थियो ।

यस्तै बुधवारको बैठकमा प्रदेश सरकारका उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतोले प्रदेश पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव रंजीत कुमार यादवले जानकारी दिए ।

बैठक विहीबार ११ बजे बस्ने कार्यतालिका रहेको उनले जानकारी दिए ।

# अभियानद्वारा प्रदेशसभा अगाडि प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वन जंगल संरक्षण अभियान धनुषाले मधेश प्रदेश सभा अगाडि विरोध प्रदर्शन गरेको छ ।

दलित भूमिहीन सुकुम्वासीहरुलाई तत्काल लालपुर्जा दिनु पर्ने,चुरे वन जंगलको संरक्षण गर्नु पर्ने लगायतको माग अघि सार्दै अभियानको अगुवाईमा भूमिहीन सुकुम्वासीहरुले बुधबार विरोध प्रदर्शन गरेका हुन् ।

चरणवद्ध आन्दोलनमा उत्रेका दलित भूमिहीनहरुले मुख्यमन्त्री कार्यालयमा पटक-पटक ध्यानाकर्षण गराउँदा पनि कुनै सुनवाइ नभएपछि प्रदेश सभा घेराउ गर्न बाध्य भएको आन्दोलनका अगुवा अभियानका अभियानी अरुण दास ,कुशेश्वर राउत र लक्ष्मण दासले बताए ।

आन्दोलनमा उत्रेका भूमिहीन सुकुम्वासीहरुले दिउँसो १२ बजेदेखि २ बजे सम्म सभाको मुख्यद्वारमा धर्ना प्रदर्शन समेत गरेका थिए ।

अभियानी दासले प्रदेशसभा सदस्य तथा मुख्यमन्त्रीसंग भेंटको लागि समय माग्दा समय नदिएपछि सभाका सदस्यहरुलाई यस विषयमा आवाज उठाई दिन ध्यानाकर्षण गराउने उद्देश्यले सभा अगाडि




विरोध प्रदर्शन गरिएको बताए ।

यस अघि अभियानले सोमबार विभिन्न माग अघि सार्दै मुख्यमन्त्रीको कार्यालय घेराउ गर्न पुगेका थिए । सो क्रममा मुख्यमन्त्री लालबाबु राउतले भेट्ने समय दिएनन भने निषेधित क्षेत्रमा आन्दोलन गरेको भन्दै ३९ जना भूमिहीन सुकुम्वासीहरुलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

अभियानले दलित भूमिहीन सुकुम्वासीहरुको न्याय र चुरे वन जंगल संरक्षण सम्वर्द्धन तथा राष्ट्रको सार्वजनिक सम्पत्ति,धार्मिक क्षेत्र,प्राकृतिक सम्पदा जोगाउन तथा भूमाफिया विरुद्ध आन्दोलन गर्दै आएको र मधेश सरकारबाट कुनै सुनुवाई नभए पछि प्रदेशसभा घेराउ गर्न पुगेको बताउँदै अभियानी सुनिल यादवले भने,'विगतमा चुरे अभियानी दिलिप महतोलाई शहीद घोषणा गर्नु पर्ने र परिवारलाई एक जनालाई जागिर दिनु पर्ने लगायतको कुनै सुनुवाई नभए पछि हामी कडा आन्दोलनमा उत्रेका हौं । '

मारुती सिमेन्ट कम्पनीले जग्गा मिचेको अभियानको विरोध पछि बनेको छानबिन समितिले प्रतिवेदन समेत तयार भएको पाँच महिना बढी भइसकेको बताउँदै प्रतिवेदन सार्वजनिक नगर्नुले सरकारको रवैया प्रष्ट भएको आरोप समेत अभियानीहरुले लगाएका छन् । मधेश प्रदेशभरि डेढ लाख भन्दा बढी भूमिहीन सुकुम्वासीहरु रहेको जानकारी दिँदै अभियानका नगर अध्यक्ष अरुण महतोले भने ,'हाम्रो समस्या हेर्ने कोही भएनन,त्यसैले बाध्य भएर प्रदेश भवन घेराउ गर्न पुग्यौ कमसेकम ध्यानाकर्षण त हुने हो ,आवाज त उठ्छ । हामी दलित भूमिहीनहरुको लागि न्याय माग्दै आन्दोलित भएका छौं'

यता प्रदेशसभा सभामुख सरोज कुमार यादव, सदस्य एवं उद्योग, वन पर्यटन तथा वातावरण मन्त्री शत्रुधन महतो लगायतका प्रदेशसभा सदस्यहरुले चुरे संरक्षण,दिलिप महतोलाई शहीद घोषणा गर्नु पर्नेलगायतका माग बारे संसदमा विषय प्रवेश गराउने प्रतिवद्धता व्यक्त गरे ।

वन मन्त्री महतोले मारुति सिमेन्ट फ्याक्ट्रीले अवैध रुपमा कब्जा गरेको सम्बन्धी छानबिन प्रतिवेदन छिट्टै सार्वजनिक गर्ने प्रतिवद्धता समेत व्यक्त गरेको अभियान अरुण महतोले बताए । आवश्वासन पछि प्रदेशसभा घेराउ कार्यक्रममा समाप्त भएको थियो ।

बितेको शनिबार अभियानले जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरी चरणवद्ध आन्दोलनबारे जानकारी गराएको थियो ।

# नमुना वस्तीमा आगलागी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको पिरारीमा रहेको नमुना वस्तीको एक घरमा आगलागी भएको छ । बुधबार साँझ अचानक स्थानीयवासी अवधकिशोर यादवको घरमा आगालागी भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

सो आगलागीमा परेर एकजना बालक घाइतेसमेत भएका छन् । बालकको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा जारी रहेको जिप्रका धनुषाका सूचना अधिकारी जितेन्द्र बस्नेतले जानकारी दिए ।

आगलागीकै क्रममा घरमा खाना पकाउने एलपीजी ग्यासको सिलिण्डर पनि विष्फोट भएको छ । आगलागीमा परेर एउटा सरकारी नम्बर प्लेटको मोटरसाइकल जलेको छ भने घरमा भएको खाद्यान्न ,अन्नपात ,लत्ता कपडा जलेर नष्ट भएको प्रहरीले जनाएको छ । जलेको सरकारी मोटरसाइकल सोही घरमा भाडा लिएर बस्दै आएका मुजेलियामा रहेको सडक डिभिजनको एकजना कर्मचारीको रहेको छ ।

प्रहरी,बारुणयन्त्र तथा स्थानीयहरुको सहयोगमा आगलागी नियन्त्रणमा आइसकेको प्रहरीले जनाएको छ । आगलागीका कारण बारे अहिलेसम्म केही पनि नखुलेको र घटनाबारे अनुसन्धान जारी रहेको सूचना अधिकारी बस्नेतले बताए ।

# भत्ता तत्काल उपलब्ध गराउनुपर्ने माग

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिलाठीकोईलाडीगाउंपालिकामा सामाजिक सूरक्षा भत्ता वितरणमा ढिलाई भइरहेको प्रति जनता प्रगतिशील पार्टी नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

सप्तरीको अधिकांश स्थानीय तहमा दुई किस्ताको रकम वितरण भइसकेको र तेस्रो किस्ताको रकम वितरणको तयारी भइरहँदा तिलाठी कोईलाडी गाउंपालिकामा हालसम्म एक किस्ता मात्र सामाजिक सुरक्षा भत्ता वितरण भएको छ ।

जेष्ठ नागरिक,एकल महिला,फरक क्षमता भएका व्यक्ति बालबालिकासहित सिमान्तकृत समुदायको सूरक्षाका लागि राज्यले उपलब्ध गराउँदै आएको आर्थिक सहयोग गाउंपालिकाले समयमा वितरण नगर्दा जेष्ठ नागरिकहरुको औषधि उपचारमा समेत कठिनाई उत्पन्न हुने गरेको छ ।

'कुनै पनि बहानामा सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाई नगरी समयमै सामाजिक सुरक्षा भत्ता वितरण गरी जेष्ठ नागरिक,एकल महिला,फरक क्षमता भएका व्यक्ति बालबालिका सहित सिमान्तकृत समुदाय प्रति सम्मान प्रकट गर्न जनता प्रगतिशील पार्टी नेपाल आग्रह गर्दछ ।',पार्टीद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा उल्लेख रहेको छ । केन्द्रीय सदस्य हेम शंकर सिंह राजपुतद्वारा हस्ताक्षरित विज्ञप्तिमा गाउंपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणमा अझै ढिलाई गरे आन्दोलनमा उत्रिने चेतावनीसमेत दिइएको छ ।

# संसद साहमाथिको आक्रमणपछि एसपीको सरुवा

**टुडे समाचारदाता**

सर्लाही । जनता समाजवादीपार्टी संघीय संसद प्रमोद साहमाथि आक्रमण भएको केही नबित्दै प्रहरी प्रधान कार्यालय नक्सालले सर्लाही प्रहरी प्रमुखलाई परिवर्तन गरेको छ ।

सर्लाही पठाइएको ६ महिनामै प्रहरी प्रधान कार्यालयले एसपी कृष्ण प्रसाईंलाई जिम्मेवारीबाट हटाएको हो ।

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले बनाएको आचारसंहिता अनुसार एक वर्ष अवधि पूरा नभइ कुनै इकाइको नेतृत्व गरिरहेका



प्रहरीलाई नहटाउने भनिएको थियो । तर आर्थिक अनियमिततामा मुछिए जुनसुकै वेला हटाउने सकिने समेत बताइएको थियो ।

प्रसाईंलाई जसपाका सचेतकसमेत रहेका साहमाथिको आक्रमणको विषयमा सरुवा गरिएको सर्लाही प्रहरी स्रोतले जनाएको छ । उनका अनुसार साहमाथि शनिवार आक्रमण भएपछि जसपा एसपी प्रसाई संग रुष्ट बनेको थियो । प्रसाईंलाई हटाएपछि उनको ठाउंमा एसपी प्रवीण पोखरेललाई पठाइएको छ । शनिबार सडकको विषयको विवाद मिलाउन गएका संसद साहमाथि नेकपा एमालेका कार्यकर्ताहरुले सांघातिक आक्रमण गरेको आरोप लगाउँदै जसपा नेपालले दोषीमाथि कडा कारवाही गर्ने माग गर्दै आएको छ ।

# महासंघको स्थापना दिवसमा वृक्षारोपण र अन्तरक्रिया कार्यक्रम



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पत्रकार महासंघको ६७ औं स्थापना दिवसको अवसरमा नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले वृक्षरोपण धनुषा शाखाले अन्तरक्रिया कार्यक्रमको आयोजना गरी मनाएको छ ।

स्थापना दिवसको अवसरमा जनकपुरधामको बिषहरा पोखरीको डिलमा बुधवार बिहान महासंघ मधेश प्रदेश समितिले विभिन्न जातका वृक्ष रोपेका छन् ।

वर, निम र पिपल लगायतका जातका विरुवाहरु रोपिएको महासंघ प्रदेशका सभापति राजेश कुमार कर्णले जानकारी दिए ।

सभापति कर्णको सक्रियतामा भएको सो वृक्षरोपण कार्यक्रममा जनता समाजवादी पार्टीका प्रदेश सांसद रामअशिष यादव, नीति आयोगका उपाध्यक्ष डा.भोगेन्द्र झा, वन अधिकृत सुरेश शर्मा, जिल्ला वनस्पति कार्यालय धनुषाका प्रमुख ताहिर हुसैन तथा महासंघ प्रदेश समितिका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

त्यस्तै धनुषा शाखाले आसन्न निर्वाचन र सञ्चार क्षेत्रको समस्या एवं समाधानका बारेमा अन्तरक्रिया गरेको थियो । कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी श्रीघर पन्थीले निर्वाचन व्यवस्थापन र पत्रकारहरु राजेश कर्ण , हिमांशु चौधरी , श्यामसुन्दर शशि र वीएम खनालले सञ्चार क्षेत्र र सञ्चारकर्मीका त्रुटि एवम् सुधारबारे धारणा व्यक्त गरेका थिए ।

शाखा अध्यक्ष मनिका झाको सभापतित्वमा भएको कार्यक्रममा अवधेश कामत , निरञ्जन साह , शैलेन्द्र क्रान्ति , चांदनी झाले विकृति र विविध समस्या औल्याएका थिए ।

# धनुषामा थप ६३ हजार मतदाता

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न स्थानीय तहको निर्वाचनमा धनुषा जिल्लामा ६३ हजार १४ जना मतदाताको संख्या थपिएको छ ।

मधेश प्रदेश निर्वाचन कार्यालयका अनुसार २०७४ सालमा ४ लाख ४ हजार ६ सय ७४ मतदाता संख्या रहेकोमा अहिले २०७८ मा ४ लाख ६७ हजार ३ सय ८८ मतदाताको संख्या पुगेको छ ।

मतदाताको संख्या ६३ हजार १४ थप भएको छ । प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशको अनुसार धनुषा जिल्लामा रहेका १८ वटै स्थानीय तहका पञ्चिकरण अधिकारीहरुलाई पत्र लेखर प्रत्येक वडा तथा पालिका भित्र मृत्यु भएका मतदाताहरुको नामावली पठाई दिन आग्रह गरेको थियो ।

सो अनुसार फागुन २२ गते सम्म जिल्ला भरिबाट मात्र २ सय २७ जनाको मृत्यु भएको नामावली संकलन भएको मधेश प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । यस हिसाबले मृत्यु भएका २ सय २७ जनाको मतदाता संख्या मतदाता सूचीबाट हटाइएको छ ।

२२ फागुनपछि पनि मृत्यु भएको भनेर ५/७ वटा निवेदन निर्वाचन कार्यालयमा आयो तर हामीले आयोगले दिएको समय समाप्त भएकोले त्यसलाई नसकेको मधेश प्रदेश निर्वाचन कार्यालयमा मधेश निर्वाचन अधिकारी श्रीधर पन्थीले जानकारी दिए ।

उनले अहिले पनि मृत्यु भइसकेका केही व्यक्तिहरुको नाम मतदाता सूचीमा रहेको हुनसक्ने बताउँदै उनले भने,' अन्तिम नामावली प्रकाशित भईसकेको अवस्थामा आफूहरुले केही गर्न सक्दैनौ । अब मृत्यु भईसकेका व्यक्तिलाई पनि हामी मतदाता सूचीबाट हटाउन सक्दैनौ ।'

यता, मधेश प्रदेश निर्वाचन कार्यालयले धनुषामा निर्वाचनलाई व्यवस्थित र मर्यादित बनाउन मतदान स्थल र मतदान केन्द्रहरुलाई निरीक्षण तथा अनुगमन तीव्र रुपमा गर्न थालेको छ ।

विभिन्न मतदान केन्द्रहरुको विगतमा भएको घटनाहरुको माथि अध्ययन गर्दै अनुगमन टोलीले सोही अनुसार तीन प्रकारमा विभाजन गरेर सुरक्षा व्यवस्था मिलाइने समेत प्रमुख पन्थीले बताए । उनले भने,' अत्ति संवेदनशील,संवेदनशील तथा सामान्य गरी तीन प्रकारले बुथहरुको विभाजन गरिने र सोही अनुसार सुरक्षा व्यवस्था मिलाइनेछ।'

धनुषामा आसन्न निर्वाचनको लागि ३ सय २३ वटा मतदान स्थल र ५ सय ९६ मतदान केन्द्र तोकिएको छ । यस अघि २०७४ सालको निर्वाचनमा मतदान स्थल तोकिएको थिएनन् भने मतदान केन्द्र ५ सय ४८ वटा मात्रै तोकिएको थियो ।

# नेकांका ३० कार्यकर्ताले गरे पार्टी परित्याग

**राकेश यादव**

गौर । नेपाली कांग्रेसका निर्वाचित वडा अध्यक्ष सहित ३० जनाले पार्टी परित्याग गरेका छन् ।

नेपाली कांग्रेसका नेतृत्व तहले आफ्नो मनोमानी ढंगबाट नगर कार्यसमिति चलाईरहेको भन्दै गौर नगर कमिटीका उपाध्यक्ष समेत रहेका वडा अध्यक्ष भरत साहको नेतृत्वमा ३० जनाले लिखित रुपमा जिल्ला सभापतिलाई जानकारी गराउँदै पार्टी परित्याग गरेका हुन् ।

पार्टी परित्याग गर्नेमा नगर उपसभापति भरत साह , क्रियाशील सदस्य मोहम्मद सेराज अली , वडा कमिटी सदस्य बैजनाथ महतो , क्रियाशील सदस्य आरती देवी , राजेश साह , जोगिन्द्र साह , इन्द्रजित साह ,शत्रुधन साह ,रजनीश साह , रोहित कुमार गुप्ता आशिक साह , मोहमद अरमान, कमोधिया देवी , राजिया बेगम , संगीता देवी , विजय प्रसाद जयसवाल रहेका छन् ।

निर्वाचनको समय नजिकिँदै जाँदा पार्टीको गतिविधि प्रति असन्तुष्ट भएका पार्टी सदस्य रेयाज , मुन्ना अलि ,कामेश्वर साह , रेखा देवी , मंजु देवी ,माया देवी ,जगरनाथ महतो ,विकास पासवान , राम अशिष साह , जितेन्द्र कुमार पासवान , राजहरण साह , रामबाबु दास , मोहम्मद जाकिर लगायत ३० जनाले कांग्रेस पार्टी परित्याग गरेका छन् ।

पार्टी परित्याग गरेका कांग्रेसका कार्यकर्ताहरुले तत्काल अन्य कुनै पार्टीमा प्रवेश भने गरेका छैनन् । अन्य पार्टी प्रवेश गर्ने मनसाय देखिए पनि अहिले सो निर्णयबारे कुनै जानकारी गराइएको छैन ।

# करेन्ट लागेर युवकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कमला नगरपालिकामा विद्युतको करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

कमला नपा-३ पर्सा टोलमा घरमा तार जोडिरहेको अवस्थामा करेन्ट लागेर ४२ वर्षीय गंगाप्रसाद यादवको मृत्यु भएको हो । घरमा रहेको विद्युत मिटर ठिक गर्न जाँदा करेन्ट लागेको परिवारजनले जनाएको छ ।

करेन्ट लागेर गंभीर घाइते भएका यादवलाई उपचारका लागि जनकपुरधाम प्रादेशिक अस्पतालमा लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भएको ईलाका प्रहरी कार्यालय खजुरीले जनाएको छ । प्रहरी निरीक्षक रविनराज मैनालीका अनुसार बुधबार दिउँसो सो दुर्घटना भएको हो । उनको शव परीक्षणका लागि जनकपुरधाम स्थित प्रादेशिक अस्पतालमा ल्याइएको प्रहरीले जनाएको छ ।


**तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दबाव विवाह

**विचार गर्नुस,**

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# अतिक्रमित घर-टहरा हटाउन सुरु

**रञ्जन यादब**

कलैया । व्यापारिक मार्ग विस्तार योजना,पथलैयाले सड्क क्षेत्रमा भएको अतिक्रमण हटाउन सुरु गरेको छ । सडक क्षेत्रको जग्गा अतिक्रमण गरेर बनाईएको घर,टहरा ,पर्खालहरु हटाउन सुरु गरिएको हो ।

कार्यालयले प्रहरी ,प्रशासनको सहयोगमा डोजर लगाइ अटेरी गरी बस्नेको घर,टहरा तथा पर्खाल भत्काउन सुरु गरिएको योजना प्रमुख मनिष कुमार साहले जानकारी दिए । अतिक्रमण क्षेत्र खाली गर्न भनी पटक-पटक सूचना दिँदा पनि घरधनीहरु अटेरी गरी बसेका थिए । पथलैया-जीतपुर-परवानीपुर-गण्डक सड्क र परवानीपुर-ड्राईपोर्ट-आई.सि.पी. सड्क खण्डको केन्द्रबिन्दुबाट २५/२५ मिटर भित्र रहेको सम्पूर्ण सरकारी तथा निजी घर ,टहरा ,पर्खाल हटाएर व्यापारिक मार्ग विस्तार योजनामा सहयोग गर्न ,वीरगञ्ज-पथलैया सड्कको कार्यालयले अनुरोध गरेको थियो ।

जितपुरमा १७ वटा घर ,ड्राईपोर्ट पर्सामा २ वटा घर र परावानीपुरमा १३ वटा घरहरु सड्क क्षेत्रभित्र परेका छन् ।

जीतपुरमा नजरुल हक अंसारीको घर ,प्रमानन्द साहको घर ,शिवजी शाह कलवारको घर ,नेपाल ईन्भेष्टमेन्ट बैंक नेपाल बैंक लि.,शिव गुरु खाद्य उद्योग ,बिन्देश्वरी कलवार ,शक्ति निकेतेन अंग्रेजी आवासीय विद्यालय,लक्ष्मी बैंक ,आदित्य ट्रेडर्स ,हनुमान मन्दिर ,सुजुकी शोरुम ,प्रिया ट्रेडर्स ,रारा चप्पल उद्योग ,ओम शान्ति दाँत उपचार , आई.एम.ई. र गुप्ता मार्केट लगायतका परेका छन् ।

त्यस्तै ड्राईपोर्ट पर्सामा जवाहिर साह कलवार र जग साह तेलीको घर परेको छ । यता परवानीपुरमा परवानीपुर वडा कार्यालय ,ओम प्रकाश यादवको घर ,रामदेव यादवको घर ,नारद प्रसाद कलवारको घर ,संजय साहको घर ,कमल ठाकुरको घर ,नागमणीको घर ,निलम देवीको घर ,हबिब मियाँको घर ,राज महमद मियाँको घर ,बरहमी रौनियारको घर ,नथुनि साहको घर र सुबोध श्रीवास्तवको घर परेको छ ।

वीरगञ्ज पथलैया व्यापारिक मार्गको कुल ३१.२ कि.मि. सड्क निर्माणमा भौतिक प्रगति समग्रमा करिब ८५ प्रतिशत देखिएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८